मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १२२ | २०७९ साल फाल्गुन ३० गते मंगलबार | Tuesday 14, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# राष्ट्रपति पौडेलले गरे पदभार ग्रहण

## पहिलो निर्णय राजदूत नियुक्तसँगै अन्य नियुक्तिको तयारी



मधेशदृष्टि
जनकपुरधाम, २९ फागुन । नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथसँगै राष्ट्रपति कार्यालय शीतल निवासमा पदभार ग्रहण गरेका छन् ।

उनलाई राष्ट्रपति कार्यालयमा सोमबार आयोजित विशेष समारोहमा कामु प्रधानन्यायाधीश हरि कृष्ण कार्कीले पद तथा गोपनीयताको शपथ गराएका हुन् । पौडेल यही फागुन २५ गते राष्ट्रपति पदमा निर्वाचित भएका थिए ।

शपथ ग्रहण लगतै राष्ट्रपति पौडेलले लैनचौरस्थित शहीद स्मारकमा रहेको शहीद स्तम्भमा पुष्पगुच्छा अर्पण गरेका छन् । राष्ट्रपति पौडेल सोमबार त्यहाँ गएर शहीदप्रति श्रद्धा व्यक्त गर्दै पुष्पगुच्छा अर्पण गरेका हुन् । राष्ट्रप्रमुख र सरकार प्रमुखहरुले आफूले जिम्मेवारी सम्हालेसँगै शहीद स्मारकमा रहेको शहीद स्तम्भमा पुष्पगुच्छा अर्पण प्रचलन रहिआएको छ ।

शपथ ग्रहण अघि राष्ट्रपति पौडेल पशुपतिनाथ, स्वयम्भू, पुष्पलाल पार्क, भट्टराई आश्रम बाँडेगाउँ, बीपी संग्रहालय सुन्दरीजललगायत स्थानमा पुगेका थिए । शपथ ग्रहण समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल सहित विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु सहित राष्ट्रपति पौडेलले आमन्त्रण गरेका जेल जीवन सँगै कटाएका पुराना हितैषीहरूको उपसिति रहेको थियो ।

१४ वर्षे जेल जीवनमा आफूसँगै राजनीतिक बन्दीका रूपमा रहेका इन्दु शर्मा, गोविन्द कँडेल, रघुपति शर्मालाई पौडेलले शीतलनिवास डाकेका थिए । पौडेलले जेल बस्दा उनका लागि दूध ल्याइदिनेलाई समेत स्मरण गरेर निमन्त्रणा गरेका छन् । बागलुङ जेलमा रहँदा पौडेलका लागि हरेक दिन दूध ल्याइदिने डिलप्रसाद सापकोटा (सापकोटा बाजे) लाई जिल्लाबाट काठमाडौं बोलाएका थिए । तर उनी शपथ समारोहमा उपस्थित हुन सकेनन् ।

### पहिलो निर्णय राजदूत नियुक्त

उनले सोमबार पदभार ग्रहण गर्दै राजदूत नियुक्तिको निर्णयमा हस्ताक्षर गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ । पदभार ग्रहण गर्दै राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा २८२ को ९१० बमोजिम इजिप्टका लागि नेपालका आवासीय राजदूत सुशीलकुमार लम्सालालाई मोरक्को अधिराज्यका लागि समेत गैरआवासीय नेपाली राजदूत पदमा नियुक्त गरेका छन् ।

'सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा २८२ को उपधारा १ बमोजिम इजिप्टका लागि नेपालको आवासीय राजदूत सुशीलकुमार लम्सालालाई मोरोक्को अधिराज्यका लागि समेत गैरआवासीय

- बाँकी पृष्ठ ६ मा

# संघमा कांग्रेसलाई ८ मन्त्रालय दिने तयारी

## सरकार नेतृत्वमा खड्का, सिंह र निधीको चर्चा, परराष्ट्रमा आरजुको सम्भावना



मधेशदृष्टि
काठमाडौ, २९ फागुन । यसअघि नेकपा एमालेले सम्हालेका मन्त्रालयहरु नेपाली कांग्रेसलाई दिएर मन्त्रिपरिषद् विस्तारको तयारीमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरेका छन् ।

प्रचण्ड सरकारमा एमालेले आठवटा मन्त्रालय पाएको थियो । गत पुस १० गते गठन भएको प्रचण्ड नेतृत्वको सरकारमा एमालेले अर्थ, परराष्ट्र, रक्षा, स्वास्थ्य, उद्योग, भूमिसुधार, महिला बालबालिका र कृषि मन्त्रालयहरु सम्हालेको थियो । ती मन्त्रालयहरु कांग्रेसलाई दिन लागेको प्रधानमन्त्री श्रोतले जनाएको छ ।

प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिएपछि एमाले, राप्रपा र रास्वपा सरकारबाट बाहिरिएसँगै खाली भएका १३ र आफूले त्यसअघि नै हेर्दै आएका ३ मन्त्रालय (गृह, वन तथा वातारण र युवा तथा खेलकुद) सहि १६ मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका छन् । उनले रास्वपाका अध्यक्ष लामिछानेले सम्हालेको गृह माओवादी केन्द्रसँग राखेर एमालेले सम्हालेका ८ मन्त्रालय कांग्रेसलाई दिने र बाँकी रहेका मन्त्रालयहरु अन्य दललाई दिने तयारी गरेका हुन् ।

- बाँकी पृष्ठ ६ मा

# दलितलाई महायज्ञमा प्रवेश निषेध

## पूजास्थलमा प्रवेश गर्न पाउँ भन्दै दलितहरु उत्रे प्रदर्शनमा



मधेशदृष्टि
वीरगञ्ज, २९ फागुन । हरेक राजनीतिक आन्दोलनका नाराहरु घन्किने वीरगञ्जको घण्टाघरमा आइतवार फरक नारा चर्किए । दलित भएकै कारण महायज्ञमा प्रवेश निषेध गरेको विरोधमा वीरगञ्ज महानगरपालिका वडा नम्बर १७ अलौका दलित समुदायले छुवाछुत र विभेदका विरुद्ध नाराबाजी गर्दै प्रर्दन गरेका छन् ।

'हिन्दूद्वारा हिन्दूमाथि विभेद, हिन्दूको शोषण हिन्दू, हिन्दू एकता जिन्दावाद, दलित एकता जिन्दावाद, दलित समुदायसँग अत्याचार अनत्य गर' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेर दलित समुदायले नाराबाजी सहित प्रदर्शन गरेका छन् ।

साढे २ दशकपछि आगामी चैत ८ गतेदेखि हुन लागेको शतचण्डी महायज्ञमा प्रवेश गर्नमा रोक लगाइएको भन्दै अलौका दलित समुदाय आन्दोलनमा उत्रिएका हुन् । '२५ वर्षअघि महायज्ञ हुँदा हामी सानै थियौँ, त्यो बेला केही थाहा थिएन, हाम्रा अग्रजहरुले पनि सामान्य जस्तै सोचेर चुप लागे । तर अब हामी सचेत छौँ, चुप लागेर बस्दैनौ' अलौका स्थानीय कृष्ण रामले भने । त्याहाँका गैरदलित समुदायले दलितलाई सँधै गिराउने र हेप्ने गरेको हुँदा अब सहेर नबसी कानुनी प्रक्रियामा जाने कृष्णले चेतावनी दिए ।

महायज्ञमा दलित समुदायलाई पनि प्रवेश गर्न दिनुपर्छ भनेर १ महिनादेखि निरन्तर आवाज उठाएपनि शतचण्डी महायज्ञ मूल आयोजक समितिले बेवास्ता गरेपछि आन्दोलन गर्न बाध्य भएको अलौ निवासी ५६ वर्षीय खुबलाल महराले बताए । महायज्ञस्थल निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका दलित समुदायलाई नै चौका (महायज्ञमा पूजा गर्ने ठाउँ) मा प्रवेश गर्न नदिनुले अन्याय भएको महराले भने ।

अरु सबै काम गर्नु तर चौकामा नबस्नु भन्ने गैरदलितको प्रतिक्रियामाथि आपत्ती जनाउँदै उनले भने, 'सबै काम हामीले नै गर्ने अनि चौखामा बस्न नदिने ? हिन्दू धर्मकै यज्ञमा हामी हिन्दूलाई नै वञ्चित गर्नु कहाँको धर्म हो भन्दै महराले प्रश्न गरे ।

'हिन्दूमाथि हिन्दूले नै विभेद गरेपछि अब हामी न त मन्दिर जान सक्छौ, न त मस्जिद नै', स्थानीय दलित विकास पथका अध्यक्ष शिवनारायण रामले भने । संविधानमै छुवाछुत र विभेदलाई जघन्य अपराधको रुपमा उल्लेख गरेपनि समाजमा अझै पनि रुढीबादी परम्परा हाबी रहँदा यस्ता घटनाहरु हुने गरेको उनको बुझाई छ । धर्मको आडमा दलित समुदायमाथि विभेद गर्नेहरुलाई कानुनी दायरामा नल्याउँदासम्म सुधार नहुने उनको अडान छ ।

शतचण्डी महायज्ञ मुल पूजा समितिमा पनि दलितलाई समावेश नगराइएको भन्दै अलौ निवासी ६४ वर्षीय जोधा रामले आपत्ति जनाएका छन् । महायज्ञ बनाउनका लागि दलित समुदायबाट चन्दा समेत नलिएको उनको आरोप छ । 'रामायणमा पनि छुवाछुत छैन, धर्ममा छुवाछुत र विभेद भन्ने कतैपनि छैन । तर धर्मकै आडमा विभेद गर्न खोज्नु भनेको धर्मलाई भाड्न खोज्नु हो' हिन्दू परिषद् नेपालका केन्द्रीय सदस्यसमेत रहेका अधिवक्ता बिनोद प्रसाद कुर्मी बताउँछन् ।

ब्राह्मणवादकै उपज र रुढीवादी परम्पराकै कारण हिन्दू धर्म छोड्दै जाने र धर्म परिवर्तन गर्नेको संख्या बढ्दै गएको भन्दै उनले चिन्ता व्यक्त गरे । 'जुन जातको भएपनि मुस्लिम समुदायमा एकता भएजस्तै हिन्दूहरु पनि एक हुनुपर्छ । जातपातका आधारमा विभेद दण्डनीय हो, त्यसैले त्यस्ता व्यक्तिलाई कारवाही गर्नुपर्छ', कुर्मीले भने ।

मन्दिरमा र पूजामा बस्न पाउने सबैको अधिकार भएकाले यसबाट कसैलाई वञ्चित नगर्नका लागि हिन्दू परिषद् नेपाले पनि उनीहरुको आन्दोलनमा ऐक्यबद्धता जनाएको कुर्मीले बताए ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर १७ का वडाअध्यक्ष सञ्जीव बहादुर क्षेत्रीले अपरिपक्व

- बाँकी पृष्ठ ६ मा



# सरसफाईका लागि जनकपुरधाममा टास्क फोर्स गठन



मधेशदृष्टि
जनकपुरधाम, २९ फागुन । जनकपुरधाम नगरको सरसफाईका लागि टास्क फोर्स गठन गरिने भएको छ।

सोमवार जनकपुरधाम उपमहानगरपालिकाको सभाहलमा आयोजित सर्वपक्षिय भेलाबाट जनकपुरधामको सरसफाईका लागि टास्क फोर्सको गठन देखि अगामी सहित शुक्रवार बेलुकी चार बजे सचेतना रयाली गर्ने निर्णयहरु गरिएको छ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहको अध्यक्षतामा भएको बैठकबाट पाँच देखि ७ सदस्सीय एक टास्क फोर्स गठन गरि सरसफाई सम्बन्धी अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना तयार गर्ने र संगसंगै सचेतनाका कार्यक्रमहरु समेत चलाउने निर्णय गरिएको छ। काठमाडौंमा पनि २०६१ पछि मात्र सचेतना बढेको र त्यसपछि मात्र सडकमा फोहर फाल्न बन्द भएको भन्दै धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले जनकपुरधाममा सचेतनाको कमी रहेको भन्दै जागरण चलाउनु पर्ने बताए । भण्डारीले जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा पान, गुटखा खाएर थुक्नेलाई सार्वजानिक रुपमा दश पटकसम्म कान समातेर उठबसको कारवाही सुरु भइसकेको बताए। कार्यक्रममा वृहतर जनकपुरधाम क्षेत्र विकास परिषदका अध्यक्ष शितल साहले जनकपुरधाम सर सफाईका लागि नियम र कडाई तथा करवाही आवयश्क रहेको बताए। सहायक सिडिओ सहित तिनैतहका प्रशासनका प्रतिनिधीहरुले जनकपुरधामको सफाई हरेक जनकपुरधामवासीको प्रतिष्ठासंग जुडेकाले उपमहानगरपालिकाले नेतृत्व लिन हिचकिचाउन नहुने भन्दै प्रशासनको तर्फबाट कुनै पनि सहयोग गर्न तयार रहेको प्रतिवद्वता व्यक्त गरेका थिए।

घरको अगाडि मुख्य सडकमा फोहर फयाक्नेलाई कारवाहीको दायरा ल्याउनुपर्ने र फोहर उठाउन उपमहानगरपालिका सक्रियता देखाउनु पर्ने भेलाको निश्कर्ष थियो । कार्यक्रममा जनकपुरधामका उपप्रमुख किशोरी साह, जनकपुरधाम उद्योग बाणिज्य संघ, चेम्वर अफ कर्मश, युवा क्लवहरु, वडा स्तरका टोल सुधार तथा सफाई समितिहरु, विभिन्न पेशागत संगठनका प्रतिनिधीहरु सहित वडा अध्यक्ष तथा सदस्यहरुको उपस्थिति रहेको थियो।

# औद्योगिक करिडोरमा नियमित विद्युत् आपूर्ति गर्न माग



वीरगञ्ज, २९ फागुन
पर्सा-बारा औधोगिक करिडोरका उद्योगमा नियमित सञ्चालन विद्युत् आपूर्ति गर्न उद्योगी व्यवसायीले आग्रह गरेका छन् ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घको ४७ औँ साधारणसभामा सहभागी करिडोरका उद्योगीले नियमित सञ्चालन विद्युत् आपूर्ति नहुँदा उद्योग व्यवसायी धरासायी भएकामा चिन्ता व्यक्त गरका हुन् ।

वीरगञ्जको नाका व्यापार तथा राजस्व दुवैका लागि महत्वपूर्ण भए पनि सरकारले उद्योगीको हितलाई ध्यान नदिएको गुनासो गदै नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठले विगत केही महिनादेखि भइरहेको अघोषित लोडसेडिङका कारण करिडोरका उद्योग झन् धेरै धरासायी बन्दै गएको बताए । बैंकको ऋण प्रवाह र ब्याजदर सम्बन्धमा उद्योगी व्यवसायीले सरकारको ध्यानाकर्षण गराउँदासमेत कुनै पहल नभएको गुनासो गदै उनले बैंकको ब्याजद बारे सरकारले पहल गर्नुपर्नेमा जोड दिए। बैंक ब्याजदरविरुद्ध ठटेर लाग्नुपर्नेमा जोड दिदै उनले उद्योग र उद्योगीहरुको टाँट पल्टिने अवस्था आइसक्दा पनि बैंक गम्भीर नरहेको गुनासो गरे । “कञ्चनजङ्गादेखि कञ्चनपुरसम्मका उद्योगीहरु हाल काठमाडौँमा बैंक ब्याजको विरोधमा सडकमा ओर्लिएको अवस्था छ”, उनले भने , “हामी सबै उद्योगी अहिलेको अवस्थामा मिलेर दबाब दिन आवश्यक रहेको छ, त्यसैले आउनुस् हातेमालो गर्दै नेतृत्व पङ्क्तिलाई आग्रह गरौँ ।”

कार्यक्रममा सांसद अजय चौर सियाले उद्योगी व्यवसायीको साथ र समर्थनका कारण नै आफ्नो कुरा सरकारसमक्ष राख्न सक्ने पदमा पुगेकाले उद्योगी व्यवसायीको वास्तविक समस्या संसद्मा उठाउने प्रतिबद्धता व्यक्त गरे। विकास निर्माणदेखी कुनै पनि राम्रो हुन सक्ने कुरामा वीरगञ्जसँग हुँदै आएको विभेदको स्थितिलाई समाप्त पार्न सबै दलका सांसदसँग पहल गर्ने सांसद चौरसियाले व्यक्त गरे। पूर्वसांसद ओमप्रकाश शर्माले उद्योगपति व्यापारीका लागि कच्चा पदार्थका लागि बैंकबाट लिएको ब्याज भारतमा नौदेखि १० प्रतिशतसम्म हुँदा नेपालका बैंकमा सातदेखि आठ प्रतिशत हुने गरेकोमा भारत जहाँको त्यही जनतालाई सहजता प्रदान गरिरहे पनि नेपाल तर्फका बैंकले जनता तथा उद्योगीलाई पीडा मात्रै दिइरहेको स्थिति सिर्जना भएको गुनासो गरे । उद्योगी व्यवसायीको टाँट पल्टिने अवस्था आए पनि, घरबारविहीन हुने अवस्था सिर्जना भए पनि बैंकले आफ्नो असुली जसरी पनि गरी छाड्ने भएकाले बैंकको कहिले टाँट पल्टिने अवस्था नआउने तर्कसमेत गरे । वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा सुबोध गुप्ताले बैंकको ब्याजदर एकल अङ्कमा राख्नुपर्ने, वीरगञ्ज-पथलैया औद्योगिक कोरिडोरलाई सरकारले विधिवत्रुपमा मान्यता प्रदान गर्नुपर्ने, क्रेडिट एक्ट/चेम्बर एक्ट लागू गरि नुपर्ने, उद्योगमा चाहिने विद्युत्को आपूर्तिलाई नियमित गरि नुपर्ने, सेजको सफल सञ्चालनमा सरकारले ध्यान दिनुपर्नेलगायतका सुझावसहितको प्रतिवेदन प्रस्तुत गरे ।रासस

# कोशीको १५ क्याम्पसमा सर्वसम्मत स्ववियु सभापति निर्वाचित




मधेशदृष्टि
विराटनगर, २९ फागुन । कोशी प्रदेशका १५ वटा क्याम्पसमा सर्वसम्म स्ववियु सभापति निर्वाचित भएका छन् ।

यही चैत ५ गते हुने निर्वाचनका लागि उम्मेदवारहरुले मनोनयन दर्ता गरेका थिए।

ती क्याम्पसमा सर्वसम्मत निर्वाचित हुनेमा नेकपा एमाले निकट अनेरास्ववियुबाट ११, नेपाली कांग्रेसनिकट नेपाल विद्यार्थी संघबाट ३ र माओवादीनिकट अखिल क्रान्तिकारीबाट एकजना रहेका छन् ।जसमा अनेस्ववियुबाट धनकुटा बहुमुखी क्याम्पस, हिले क्याम्पस धनकुटा, पाख्रीबास क्याम्पस धनकुटा, बुद्धुक क्याम्पस धनकुटा, ह्यात्रुङ झरना क्याम्पस तेह्रथुम, पिण्डेश्वर क्याम्पस धरान, गरामुनि क्याम्पस बिर्तामोड, एकतोप्पा क्याम्पपस इलाम, गरुवा क्याम्पस इलाम, संखुवासभा बहुमुखी क्याम्पस र मादी क्याम्पसमा सर्वसम्मत स्ववियु सभापति निर्वाचित भएका छन् ।

त्यस्तै नेविसंघबाट जीतपुर क्याम्पस धनकुटा, तल्लो गोकर्णेश्वर क्याम्पस धनकुटा र पाँचथर बहुमुखी क्याम्पसमा स्ववियु सभापति निर्वाचित भएका छन् ।

पाँचथरको रवि क्याम्पसमा अखिल क्रान्तिकारीका उम्मेदवार सर्वसम्मत निर्वाचित भएका छन्। कोशी प्रदेशका बाँकी ५० वटा क्याम्पसमा निर्वाचन हुने भएको छ । कोशी प्रदेशमा सरकारी, सामुदायिक र नीजि गरि ६५ क्याम्पस रहेका छन् ।

# संघीय शिक्षा ऐन जारी गर्न गृहकार्य अघि बढिसकेको छ : प्रधानमन्त्री दाहाल

काठमाडौँ, २९ फागुन
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सरकारले सङ्घीय शिक्षा ऐन जारी गर्न आवश्यक गृहकार्य अघि बढाइसकेको बताएका छन् ।

पद्मोदय माध्यमिक विद्यालयको हीरक महोत्वस एवम् ७७औँ वार्षिकोत्सवको कार्यक्रममा प्रधानमन्त्री दाहालले सङ्घीय शिक्षा ऐनमार्फत शिक्षाक्षेत्रका विद्यमान समस्या प्याकेजमै सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गरे । उनले भने , “सङ्घीय शिक्षा ऐन पारित गरी शिक्षाक्षेत्रका विद्यमान समस्या प्याकेजमै सम्बोधन गर्न सरकार प्रतिबद्ध छ ।”प्रधानमन्त्री दाहालले शिक्षा, सामाजिक र सांस्कृतिक विकासको माध्यम मात्र नभएर देशको समृद्धि तथा विकासको महत्वपूर्ण पक्ष भएको बताए । उनले भने , “जुन राष्ट्रले शिक्षाको गुणस्तर र विकासमा जोड दिन्छ, त्यो राष्ट्रले विकासका हरेक पक्षमा आफूलाई अब्बल प्रमाणित गर्न सक्छ । त्यो देशको जनशक्तिले राष्ट्रिय मात्र नभएर विश्व बजारमा प्रतिस्पर्धामा अग्रता हासिल गर्दछ ।” शैक्षिक पाठ्यक्रमको पुनरावलोकन गरी शिक्षालाई जीवनोपयोगी, आधुनिक विज्ञान प्रविधि र व्यावसायिक बनाउन वर्तमान बदलिएको राजनीति एवम् सामाजिक व्यवस्थाअनुरुप पाठ्यक्रममा गुणात्मक सुधार आवश्यक भएको प्रधानमन्त्री दाहालले औँल्याए ।सरकारी विद्यालयको गुणस्तर वृद्धिका लागि गुरुयोजना बनाएर काम गर्नुपर्ने उनको भनाइ छ।

“सरकारी र निजी क्षेत्रबीच गुणस्तर तथा उत्पादनमा निकै भिन्नता रहेको तथ्यलाई आत्मसात् गर्दै सरकारी शैक्षिक संस्थाको गुणस्तर गुणात्मक रुपमा विकास गर्न शैक्षिक गुरुयोजना बनाई कार्यान्वयनमा ल्याउनुपर्ने ऐतिहासिक दायित्व हाम्रो काँधमा छ”, प्रधानमन्त्री दाहालले भने । यसका लागि आवश्यक कानुनी, नीतिगत, संस्थागत र संरचनागत सुधारका क्षेत्रमा सरकारी प्रयासमा बौद्धिक वर्गको सहयोग तथा सहकार्य गर्न सरकार तयार रहेको उनको भनाइ छ । प्रधानमन्त्री दाहालले शिक्षाको विकास देश र जनताको सर्वाङ्गीण विकासको आधार स्तम्भ भएको उल्लेख गर्दै प्राविधिक शिक्षालाई जोड दिँदै विज्ञान, गणित र इन्जिनियरिङलाई माध्यमिक तहदेखि नै अनिर्वाय विषय बनाउँदै उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउन आवश्यक भएको बताए । उनले पद्मोदय देशकै अब्बल विद्यालयको रुपमा स्थापित भएको भन्दै प्रशंसासमेत गरे । कार्यक्रममा पूर्वसभामुख दमननाथ ढुङ्गानाले पद्मोदय विद्यालयलाई देशकै नमूना बनाउन सरकारसँग अपिल गरे । उनले भने , “यस विद्यालयले ७६ वर्षमा शैक्षिक गुणस्तर र दक्ष जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान दिँदै आएको छ । म आफैँ यस विद्यालयको विद्यार्थी हुँ । यस विद्यालयलाई देशकै नमूना बनाउन प्रधानमन्त्रीका तर्फबाट जे जति सम्भव छ त्यो अधिकतम रुपमा सहयोग प्राप्त हुने अपेक्षा छ ।”रासस

# चोरी मोटरसाइकल जिम्मा लगाइयो



मधेशदृष्टि
जनकपुरधाम, २९ फागुन। धनुषा प्रहरीले हराएको मोटरसाईकल फेला पारी सवारी धनीलाई जिम्मा लगाएको छ।

गत फागुन १९ गते साँझ ६ बजेको समयमा धनुषाधाम नगरपालिका ४ लक्ष्मीपुर बस्ने श्रवण साफीको ज.१२ प. ४८६६ नं. को मोटरसाइकल चोरी भएको थियो । सो सूचना प्राप्त भएपछि खोजविनको क्रममा फागुन २८ गते फेला पारेको हो । उक्त मोटरसाईकल धनीलाई जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# महोत्तरीमा आगलागीबाट २५ लाखको क्षति

मधेशदृष्टि
महोतरी, २९ फागुन । महोत्तरीको छुट्टाछुट्टै ठाउँमा भएको आगलागीवाट २५ लाख रुपैया बराबरको क्षती भएको छ। जिल्लाको गौशला नगरपालिकास्थित वडा न.५ मा रहेको एउटा मोबाइल पसल र बर्दिबास नगरपालिका वडा न.३ मा रहेको कुखुरा फार्ममा आगलागी हुदा २५ लाख वरावरको क्षती भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

नेवार डाडा कामिडाडा सामुदायिक वनमा एक्कासी लागेको आगलागीले नमुना बस्ती स्थिर सुरेश बस्नेतको खरले छाएको घर पुर्णरुपमा जलेर नष्ट भएको छ। खोरमा कुखुरा नरहेको र ५ लाख बरावरको पलाष्टिक र खोर जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

त्यसैगरि गौशाला स्थित दिपेन्द्र साहको सेन्टरमा बिधुत सर्ट भइ आगलागी हुदा २० लाख वरावरको नोक्सान भएको छ।

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ। मनमा दुबिधा उत्पन्न हुनेछ। चोटपटकको भय छ सचेत रहनुहोला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ। जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। मेहनतीहरूका लागि दिन फलदायी रहनेछ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ। भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ। छोटो दुरीको लाभदायक यात्रा रहला। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। आस मारेको काम बन्न सक्छ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ। आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

# २० वर्ष पारि छोरीको बिहे गर्ने अभिभावकलाइ पुरस्कार तथा सम्मान



आरके श्रीवास्तव
गरुडा,२९ फागुन । रौतहटको राजपुर नगरपालिकाका नगर प्रमुख डा.मो.राजीक आलमले जिल्लामै नमुना कार्यको शुरुवात गरेका छन् ।
११३ औ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा नगर प्रमुख आलमको अध्यक्षतामा सोमबार राजपुर नगरपालिकाको आर्थिक सहयोग र अरसिएफएमको प्राविधिक सहयोगमा पुरस्कार वितरण तथा सम्मान गरिएको छ।
कार्यक्रममा नगर अन्तर्गत २०७९ श्रावण १ गते देखि हालसम्म २० बर्ष पूरा भइ छोरीको बिवाह गरेका अभिभावकहरुलाई सम्मान गरिएको हो ।
सन्जु बैठाले सञ्चालन गरेको कार्यक्रममा नगर प्रमुख डा.आलमले दोल्ला ओढाएर पाँच हजार नगद सम्मान गर्नु भएको हो । कार्याक्रममा ३६ जना अभिभावकहरु लाइ सम्मान गरिएको हो । बाल विवाह न्यूनीकरण गर्ने उदेश्यले यस्तो कार्यको थालनी गरिएको मेयर डा. आलमले बताएका छन् । कार्यक्रमलाइ सम्बोधन गर्दै नगर प्रमुख डा.आलमले नगभरीकोछोरीहरुको भविष्य सुनिश्चत गर्न यस्तो कार्यक्रम आयोजन गरेका बताए । मेयर डा.आलले सामाजिक प्रोत्साहन स्वरुप यो कार्यक्रम प्रत्येक वर्ष गर्ने उद्घघोष गरेका थिए ।
साथै नगर प्रमुख उप जमिला असगरीले बेटी पढाउ बेटी बचाउ अन्तर्गत यस्ता कार्यक्रमले हाम्रो समाजमा छोरी प्रति धारण बदल्न मदत पुग्ने विश्वास व्यक्त गरिन् ।
राजपुर नगरपालिकाका नि.प्रमुख प्रशासकिय अधिकृत बैजु ठाकुरले नगरभरीका २० वर्ष मुनिका पढन चाह्ने इच्छुक छोरीहरुको लागि नगरपालिकाले निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिने बताए ।सो अवसरमा आरसिएफएमका रामअसिश चौधरी,निरज दाहाल,उर्वशी शाह,रविना चौधरी,नगर भरिको सबै वडाका वडा अध्यक्षहरु,कार्यपालिका सदस्यहरु, स्वास्थ्यकर्मी, शिक्षक, शिक्षिका, नगरपालिकाका कर्मचारीहरु,राजनैतिक दलका प्रतिनिधीहरु, जनप्रतिनिधीहरुको सहभागिता रहेको थियो ।

# भन्सार छलीका लाखौं मुल्यका सामाग्री बरामद



मधेशदृष्टि। वीरगंज, २९ फागुन ।
पर्सा प्रहरीले २ लाख २९ हजार मूल्य बराबरको भन्सार छली ल्याउदै गरेको लत्ताकपडा तथा खाद्य सामाग्रीहरू बरामद गरेको छ ।
जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले हिजो साँझ ६ः३० बजे वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ ईनर्वाचोकबाट अवैध रूपमा भन्सार छली बीरगंज तर्फ ल्याउदै गरेको अवस्थामा २ लाख २९ हजार ६ सय ९० रुपैया बराबरको भारतीय लत्ताकपडा, खाद्यान्न लगायतका सामान बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले जानकारी दिए ।
बरामद गरिएको समान आज थप कारवाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको गिरीले बताए ।

# अवैध उत्खनन गर्ने तीन स्काभेटर नियन्त्रणमा

## *एक महिनादेखि ग्राभेल उत्खनन भइरहेपनि सम्बन्धित निकाय मौनले मिलोमतो रहेको आरोप*

मधेशदृष्टि
सिरहा, २९ फागुन । अवैध रुपमा ग्राभेल उत्खनन गरिरहेका तीनबाट स्काभेटर जिल्ला समन्वय समिति सिरहाले नियन्त्रणमा लिएको छ । ग्राभेल उत्खनन भईरहेको भन्ने सुचनाको आधारमा समन्वय समितिका प्रमुख दिनेश कुमार महतोको नेतेत्वमा आएको टोलिले गोलबजार नगरपालिका ९ डण्डा र नगरहा गाउँ पालिका ३ नयाँ चोहर्वाबाट तीनवटा स्काभेटर नियन्त्रणमा लिएको हो ।
अनुगमनको लागि जिल्लाबाट आएको भन्ने जानकारी पाएपछि उत्खनन क्षेत्रबाट टिपरहरु भगाएको थियो । तर तीन थान चेन जेसिभी घटनास्थलमै फेला परेको थियो । चालकहरु भगिसकेकाले जिससका प्रमुख महतोले तीनवटै स्काभेटर प्रहरीको सहयोगमा जिल्ला समन्वय समितिको कार्यालयमा ल्याइएको छ ।



उनले कतै कुनै निकायबाट अनुमति नलिई मनपरी ढंगले ३० फिट गहिरोसम्म उत्खनन् गरिएको र राजस्व समेत छलेको देखिएकोले कडा कारवाही गरिने बताए । उनले भने ‘विकास निर्माणको लागि ग्राभेल चाहिन्छ । तर, प्रकृया पुरा गरेरमात्र उत्खनन गर्नुपर्यो । प्रकृया पुरा नभएको भए नियन्त्रणमा लिई कानून बमोजिम जरिवाना र कार्वाही हुन्छ ।’
खानी उत्खनन् गरिएको स्थानभन्दा ५० मिटरको दूरीमा सामुदायिक वन छ । २ सय मिटर पर नेपाली सेनाको २७ नं. वाहिनी कार्यालय छ । त्यस्तो संवेदनशील स्थानमा वातावरणीय प्रभाव मूल्यांकन नगरी उत्खनन् गरिएको छ । कुनै पनि सरकारी निकायसँग अनुमति मागिएको छैन । ३० फिट गहिरोसम्म खनिएको छ । छरछिमेकको सहमति लिइएको छैन । यो त अपराध नै हो जिल्ला प्रशासन कार्यालका नासु विकास प्रधानले बताए ।
सो अनुगमनमा जिल्ला समन्वय समितिका उपप्रमुख दिलिप कुमार लामा, समन्वय अधिकारी दोपती कुमारी यादव, जिल्ला प्रशासन कार्यालयका प्रतिनीधि सहित सशस्त्र तथा जनपथ प्रहरी, सञ्चारकर्मीहरुको सहभागीता रहेको थियो ।
खानी दर्ता, सञ्चालन तथा नियमन गर्ने प्रमुजिम्मा स्थानीय तहको भएपनि स्थानिय तह मौन देखिन्छ । उत्खनन गर्नेहरुसँगको अवैध साँठगाठका कारण स्थानीय तहको प्रतिनिधीहरु मौन बसेको स्थानीयको आरोप छ । पछिल्लो एक महिनादेखि नरहा गाउँ पालिका ३ र गोलबजार नगरपालिका ९ बाट ग्राभेल उत्खनन गरिरहेको भएपनि जनप्रतिनधी र प्रहरी प्रशासनको मौनताले उनीहरुको मिलेमत्तो रहेको स्थानीय बताउँछन् । नाम नबताउने सर्तमा एक स्थानीयले भने, ‘दैनिक सायौं ट्रक नयाँ चोक चोहर्वा हुँदै ग्रोभल ओसार पोसार भइरहेको हुन्छ । स्थानीय जनप्रतिनीधि र प्रहरी प्रशासन देखेको नदेख्यै गरेर हिडिरहेको छ ।’
नरहा गाउँ पालिका अध्यक्ष रामप्रमोद यादवले आजसम्म आफ्नो पालिकामा ग्राभेल खानी दर्ता नरहेको बताउँदै भने, ‘हाम्रो गाउँ पालिकामा अहिलेसम्म एउटापनि खानी दर्ता छैन, मलाई ग्राभेल उत्खनन भईरहेको भन्ने जानकारी पनि छैन ।’ अध्यक्ष यादवले नरहा ३ सँग गोलबजार नगरपालिका ९ पनि जोडिएको छ । त्यतै उत्खनन भएईरहेको भन्ने सुनेको छु, त्यही हुन सक्ने बताए । अध्यक्ष यादवलाई आफ्नै पालिकाबाट दैनिक सयौं टिपर हिडेको जानकारी भने तपाईलाई होला नी ? भन्दा उनले आफ्नो पालिकामा त्यस्तो उत्खनन भएको जानकारी आफूलाई नरहेको बताए ।
गोलबजार नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत अनन्त कुमार पौड्यालले पनि आफ्नो पालिका यस वर्ष ग्राभेल उत्खननको लागि कसैले अनुमति नलिएको जनाए । उनले भने, ‘कुनै व्यक्ति वा संस्था कसैले पनि यो वर्ष ग्राभेल, वालुवा वा माटो उत्खननको अनुति लिएको मलाई जानकारी छैन ।’
गोलबजार ९ मा पनि अवैधरुपमा ग्राभेल खानी सञ्चालन भईरहेको छ । वनक्षेत्र देखि मुश्किलले २५ मिटरको दुरीबाट उत्खननगरी बनक्षेत्रको बाटो प्रयोग गर्दा समेत वन अधिकारीहरु समेत मौन देखिन्छ । स्थानीय जनप्रतिनिधीको मिलेमत्तोमै खानी सञ्चालन भईरहको स्थानीयको आरोप छ । यहाँबाट निस्केको ग्राभेल नगरक्षेत्रकै विकास निर्माणको काममा प्रयोग हुने गरेको प्रत्यक्षदर्शिहरुले बताए । ग्राभेल उत्खन्न गर्ने वरपरका रुखहरु समेत काट्ने गरेको छ ।
नगरहा गाउँ पालिक र गोलबजार नगरपालिकामा आजको मितिसम्म कुनैपनि खानी दर्ता भएको छैन । खानी दर्ता नभएपनि जनप्रतिनधी र प्रहरी प्रशासनलाई प्रभावमा पारेर उत्खनन हुने गरेको स्थानीयहरु बताउँछन् ।




# माधवनारायण नगरपालिकामा नयाँ हाकिम झा हाजिर




मधेशदृष्टि, गरुडा,२९ फागुन
रौतहटको माधवनारायण नगरपालिकामा नयाँ हाकिमको रुपमा मनिष झा हाजिर भएका छन् । संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृतको रुपमा झा हाजिर भएका हुन् । उनलाई नगर प्रमुख बैजनाथ प्रसाद यादव लगायत कर्मचारीहरुले स्वागत गरेका छन् । यस अघि जिल्ला प्रशासन कार्यालय गौरमा झा प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेका थिए । आज देखि उनले माधवनारायण नपाको जिम्मेवारी सम्हालेका हुन् ।
सो नगरपालिकामा बिगत तीन महिना देखि कार्यालय प्रमुख नहुँदा सेवाग्राही मर्कामा परेका थिए । यस अधिका प्रमुख प्रशासकिय अधिकृत किरण निधी तिवारीको ठाउँमा झा आएका हुन् । कार्यालयमा हाजिर भएपछि झाले माधवनारायणका सर्वसाधारणले पाउने सेवा र सुविधालाई पारदर्शी किसिमले सहजताका साथ प्रदान गरिने बताएका छन् । नियमानुसार महसुस हुने गरी सर्वसाधारण नागरिकलाई सेवा दिन कार्यालय प्रमुख झाले कर्मचारीहरूलाई आफ्नो इमान्दारिताका साथ कामकाज गर्न निर्देशन पनि दिएका छन् । सो अवसरमा माधवनारायण नगरपालिकाकी उपमेयर निर्मला देवी रमन लगायत नगरपालिकाका कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

# ईशनाथमा नगरप्रमुखद्वारा विष्णु महायज्ञको उद्घाटन



मधेशदृष्टि
गरुडा,२९ फागुन । रौतहट जिल्लाको दक्षिणी भेग इशनाथ नगरपालिकामा विष्णु महायज्ञको सुभारम्भ भएको छ ।
नगर प्रमुख कौशल्या देवी सिन्हाले एक कार्यक्रमका बिच सोमवार उद्धघाटन गरेकी हुन् । नगरपालिकाको वडा नम्बर १ बन्जरहामा श्री श्री श्री १००८ पाँच कुण्डीय विष्णु महायज्ञको कलस यात्राको रिबन काटि उद्धाटन गरेकी छन् ।
सोमबार देखि सुरु भएको यज्ञ नौ दिन सम्म सञ्चालन हुने बताइएको छ । महायज्ञमा आउने दर्शक तथा भक्त जनको मनोरञ्जनका हरेक दिन दिउँसो पण्डित विधाशरण उपाध्यायबाट प्रवचन तथा संध्याकालीन महाआरति पछि रामलिला तथा रासलिलाको व्यवस्था गरिएको वडा अध्यक्ष साहले बताए ।
भारत वनारसका विद्वान पंडित अरविन्द पान्डये मुख्य पुरोहितका रुपमा रहनु हुनेछ । सो महायज्ञमा नेपाल र भारतका गरि लाखौ दर्शक तथा दर्शनार्थी आउने आयोजकले अनुमान गरेको छ । सो उद्धाटन पश्चात हजारौं कुमारी कन्याको सहभागितामा कलश यात्रा निकालिएको थियो । कलश यात्रामा रौतहट निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित संघिय सासंद किरण,पूर्व नगर प्रमुख संतोष मेहता,इशनाथका उपमेयर प्रवेज आलम लगायका हजारौं व्यक्तीहरुको सहभागिता रहेको थियो ।

## सम्पादकीय

# राष्ट्रपतिबाट अभिभावकीय अपेक्षा

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालले औपचारिकरुपमा तेश्रो राष्ट्रपति प्राप्त गरेको छ। नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सोमबार राष्ट्रपति पदको सपथ लिएका छन्। पार्टीको जिम्मेवारीबाट अलग भएको घोषणा गरेका छन्। लोकतान्त्रिक आन्दोलनहरुमा अग्रपङतीमा रहने पौडेलले राष्ट्रपति पदको जिम्मेवारी पाउँदै गर्दा आम नागरिकको राष्ट्रपति बन्ने अभिव्यक्ति दिएका छन्। छ दशक अघिदेखी मुलुकमा लोकतान्त्रिक राजनीतिक व्यवस्थाको पक्षमा आफूलाई होमेका पौडेल लोकतान्त्रिक समाजवादमा विश्वास गर्ने नेताकोरुपमा परिचित छन्। सभामुख, विभिन्न मन्त्रालयकहरु, उपप्रधानमन्त्री जस्ता जिम्मेवारी निर्वाह गरिसकेका पौडेल कांग्रेस पार्टी भित्र शीर्ष नेताहरुबीचका विवादहरुमा समेत सेतुको भूमिका खेल्नसक्ने राजनीतिज्ञ हुन्।

विवादित पक्षहरुबीच वार्ता र समझदारी गरेर पेचिला राजनीतिक समस्याहरुको समाधान निकाल्न सिपालु मानिन्छन् पौडेल। पक्षहरुबीच सेतुको भूमिका खेल्ने मध्यमार्गिपन उनको परिचय हो।

मुलुक गणतन्त्रमा जानुपर्दछ भनेर नेपाली कांग्रेस भित्र गणतन्त्रको आवाज बुलन्द पार्ने नेताहरु मध्ये पौडलेको नाम अग्रपङ्तीमा आउँछ। अहिले मुलुकमा गणतन्त्र स्थापित छ र संस्थागत हुने क्रममा छ। जनताका प्रतिनिधिहरु आम नागरिकबाट टाँढिदै गएको समय छ। हामीकहाँ, राजनीतिककर्मीहरुले जनअपेक्षा अनुसार काम गर्न नसकेको, शाशकीय कमजोरीहरु प्रर्दशन गरेका छन् र भष्ट्र आचरण प्रोत्साहित गर्ने प्रवृति विकसित भएको छ।

यस्ता गलत प्रवृतिको दोष भने राजनीतिक प्रणाली माथि थोपर्ने विगतदेखीको अभ्यासले निरन्तरता पाएको छ।कतिपय जिम्मेवार नागरिक समेत संघीय लोकतान्त्रिक गणतन्त्रका विरोधीहरुसँगै प्रतिक्रिया दिइरहेको तरल राजनीतिक माहौल छ यतिखेर। गणतन्त्र माथि चौतर्फी आक्रमण पनि भइरहेको छ। यही समयमा पौडेल जस्तो संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षपाति मुलुकको अभिभावकीय जिम्मेवारीमा पुगेका छन्।

पौडलको विगत, लोकतान्त्रिक गणतन्त्र प्रतिको लगाव, सशस्त्र विद्रोही माओवादीलाई शान्ति प्रक्रिया ल्याउने राजनीति र मधेश आन्दोलनहरुका समाधान खोज्न महत्वपूर्ण भूमिका खेलेको पृष्ठभूमि छ पौडेलले। अहिले तिनै पौडेल राष्ट्रपति पदमा छन्।

जन अपेक्षा धेरै छन्। तर, राष्ट्रपति पद भनेको संवैधानिक पद हो, प्रधानमन्त्री जस्तो कार्यकारी पद होइन। आलङ्कारी भूमिकामा रहेका राष्ट्रपतिले मुलुकको अपेक्षा, राजनीतिक दलहरुका मौसमी समिकरण र सत्ता स्वार्थका लागि संविधानका प्रावधान समेत मिच्ने प्रवृतिबीच पौडेलले भूमिका खेल्नुपर्ने हुन्छ, तर भूमिका सिमित छन्। संविधानले बाँधेको छ राष्ट्रपतिलाई। तर, अहिलेको आग्रह यतिमात्र हो, राष्ट्रपति संविधानको पालक, रक्षक हुनुपर्दछ। कुनै राजनीतिक पार्टी वा पक्षको आदेश पालक हुनुहुँदैन।

जनस्तरबाट उठेका यस्ता आग्रहका पछाडि कारणहरु छन्।निवर्तमान राष्ट्रपतिबाट एक दशकको समयमा खेलेको भूमिकाकै कारण यस्ता प्रश्न मुखरित भएका हुन। निवर्तमान राष्ट्रपतिबाट राष्ट्रपति पदको मर्यादा मिच्ने काम भएको थियो। राष्ट्रपति पदलाई कार्यकारी प्रमुखकै हैसियतमा दुरुपयोग गरेको, पदलाई हिजोको राजसंस्थाको जस्तै शानशौकतमा रुपान्तरण गरेको, शाही शासनको झझल्को दिने अभ्यासहरु गरेको र एमालेका अध्यक्षको आदेश पालक बनेको आरोपहरु लागेका छन्।

संसदले पास गरेको नागरिकता विधेयकलाई रोकेर राष्ट्रपतिबाट पदको चरम दुरुपयोग भएको छ। त्यस्तै एमाले अध्यक्ष एंव तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा संवैधानिक प्रावधान विपरित, संसद विघटन गठनमा भूमिका खेलेकोमा पनि उत्तिकै आक्षेप लागेका छन्।राष्ट्रपतिपदको व्यापक दुरुपयोग भएको पृष्ठभूमिमा राष्ट्रपति पद पार्टी विशेषलाई दिनु हुँदैन भन्ने राजनीतिक मनोविज्ञानकै कारण सत्ता समिकरण भत्किएर नयाँ समिकरण बनेको छ यतिखेर। अहिलेका राष्ट्रपति प्रत्येक राजनीतिक घटनाका साक्षी हुन्। उनले आफूलाई मुलुकको अभिभावकको रुपमा स्थापित गर्न सक्नुपर्दछ। राष्ट्रपति भनेका नागरिकका अभिभावक हुन्, अभिभावकीय भूमिका निर्वाह गर्दा कुनै पनि किसिमलको आग्रह, पूर्वाग्रह र राजनीतिक आकाक्षाहरु प्रतिबिम्बित हुनुहुँदैन।

राष्ट्रपति पद सर्वोच्च पद हो, संविधानको संरक्षक, पालक हो, जनताको प्रतिनिधि हो, राजतन्त्रको विकल्प होइन। पौडेलको राष्ट्रपति पद विवादरहित बन्नसकोस, कार्यकाल सखुद रहोस, शुभकामना।

# १०० वर्षमा पनि तिर्न नसकिने ऋणको जालोः पोखरा एअरपोर्ट

*दिपक्षीय सम्झौतामा हस्ताक्षर भए लगत्तै, एक्जिम बैंकले अर्को शर्त राख्यो। देशभरका क्यान मातहतका सबै विमान स्थलको आर्थिक कारोवार जम्मा हुने एउटा संयुक्त खाता खोल्न दवाव दियो। किनकी पोखरा विमानस्थलको कमाईले मात्र २० वर्षमा चिनको यो महंगो ऋण तिर्ने अवस्था थिएन। पछि दुबै पक्षबीच पोखरा विमानस्थलको मात्र आम्दानी संयुक्त खातामा जम्मा गर्ने सहमति भयो र विमानस्थल निर्माणको काम अघि बढ्यो।*



**– कृष्ण तिमल्सिना**



पोखराको क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थल। सन् २०२३ जनवरी १ मा उद्धाटन भई सकेको छ। जुन विमानस्थल पोखरेली जनताको ५ दशक लामो सपना र संघर्षको परिणाम हो। तर तपाईंलाई थाहा छ, यो विमानस्थल कुन संकटबाट सुरु भयो र कुन संकटबाट गुज्रि रहेको छ? अहिले विमानस्थल चलाउन नसकीने देखिएपछि त्यो भिमकाय विमानस्थलको विगत, वर्तमान र भविश्य बारे सरोकार र चासो सुरु भएको छ। किनकी नियमित सञ्चालनमा आएको ३ महिना नबित्दै पोखरा विमानस्थल सञ्चालन अनि यसले बोकाएको ऋण भारको असर मुलुकको अर्थतन्त्रमा देखिन थालेको छ।

### पोखरा विमानस्थलको अवधारणा

हेर्दा आकर्षक, अन्तर्राष्ट्रिय सज्जाको झल्को दिने यो पोखराको क्षेत्रीय अन्तर ाष्ट्रिय विमानस्थल जुन विमानस्थल निर्माणको अवधारणा तत्कालीन राजा वीरेन्द्र शाहले सन् १९७१ मा अघि सारेका थिए। यसको परिकल्पनाकार थिए, तत्कालीन अञ्चलाधीश शंकरराज पाठक।

२०२८ सालमा पोखरा भ्रमणका बेला, तत्कालीन राजा वीरेन्द्रले अञ्चलाधीश पाठकसँग पोखराको पर्यटन प्रवर्द्धनका लागि राज्यले के गर्नु पर्छ भन्ने प्रश्न गर्दा पाठकले एउटा क्षेत्रीय विमानस्थल आवश्यक रहेको भन्दै राजाको कानमा बिमानस्थलको प्रस्ताव सुनाएका थिए। लगत्तै राजा वीरेन्द्रको चाहना अनुसार सन् १९७१ मा जर्मनको इञ्जिनीयरीङ फर्म डि.आई.डब्लु.लाई सरकारले विमानस्थलको साईट सेलेक्सन र डिटेल ईन्जिनीयरीङको जिम्मा दियो। नयाँ क्षेत्रीय विमानस्थल सम्वन्धी योजना सँगै प्रारम्भिक अध्ययनको काम सकिएपछि सन् १९७६ अर्थात् २०३३ सालमा पोखरा विमानस्थलका लागि जग्गा अधिग्रहण सुरु भयो। जग्गा अधिग्रहरण चल्दै गर्दा, सरकारले जर्मनीको इञ्जिनीयरिङ फर्म डि.आई.डब्लु.ले तयार पारेको प्रारम्भिक अध्ययन प्रतिवेदन माथि थप अध्ययन थाल्यो। २०४५ सालमा गुरु योजना पुनरावलोकनका लागि जाईका भित्रियो। जाईकाले एकै चरणमा पोखरामा ठूलो लगानी गर्दा आर्थिक रुपमा चलाउन नसकिने निश्कर्ष सहित सरकारलाई दुई चरणमा विमानस्थल बनाउन सिफारिस गर्यो। जसमा, सन् १९९५ देखि सन् २००० सम्म पहिलो चरणको काम सक्न ४० मिलियन डलर खर्चीन सिफारिश गरिएको थियो। त्यस्तै दोस्रो चरणको काम सन् २००१ देखि सन् २०१० सम्म गर्न सकिने र यसका लागि ४५ मिलियन अमेरिकी डलर खर्च लाग्ने उल्लेख थियो। यी दुवै चरणको आयोजना पुरा गर्न लाग्ने अधिकतम ८५ मिलियन डलर एशियाली विकास बैंकबाट जुटाउन सकिने जाईकाको प्रस्ताव थियो। तर सरकारले एकै चरणमा दुबै काम अघि बढाउने जनाउ दिएपछि एशियाली विकास बैंक पछि हट्यो।

एडीवी पछि हटेपछि जाईकाले बर्षौं लगाएर गरेको विस्तृत अध्ययन तथा करोडौं खर्चिएर अधिग्रहण गरेको जमिन अलपत्र पर्यो। पोखराको आर्थिक गतिविधि विश्लेषण भईसकेकाले ठूलो ऋण लगानीका लागि दातृ निकाय तयार भएनन्।

### वर्षमानले जोडेको चिनियाँ जालो

२०६३ सालको राजनीतिक आन्दोलनपछि पोखरा विमानस्थलको एजेण्डा फेरि उठ्यो। जतिवेला भर्खरै, नेपाल र भारतकाबीचमा विभिन्न भारतीय शहरमा व्यवसायीक उडान सुरु गर्ने विषयमा हवाई सम्झौतामा हस्ताक्षर भएको थियो। उक्त सम्झौता कार्यान्वयनमा आउँदा नआउँदै सरकार फेरियो। ३ जना प्रधानमन्त्री परिवर्तन भए। डाक्टर बाबुराम भट्टराईको नेतृत्वमा सरकार बन्यो। सरकारले यो विमानस्थललाई राष्ट्रिय गौरवको आयोजनामा राख्यो। जतिवेला वर्षमान पुन अर्थमन्त्री थिए।

पोखरामा बन्ने भनिएको विमानस्थल कस्ले, कसरी र कहिले बनाउने ? श्रोत कसरी जुटाउने भन्ने विषय सार्वजनिक बहसमा नआउँदै, अर्थमन्त्री पुनले चिनियाँ इन्जिनियरिङ कम्पनी सि.ए.एम.जी. सँग हस्ताक्षर गरे। यो कम्पनीलाई पोखरा विमानस्थल निर्माणको जिम्मा दिने भन्दै, २०११ को सेप्टेम्वर २० मा गरेको अपारदर्शी एमओयु विवादमा पर्यो। किनकी अरवौं लगानी हुने विमानस्थल निर्माणका लागि कुनै पनि अन्तर्राष्ट्रिय कम्पनीले निर्माण छनौट प्रक्रियामा भाग लिन पाएका थिएनन्। विना प्रतिस्पर्धा, चिनियाँ कम्पनीलाई विमानस्थल निर्माणको काम सुम्पेको विषय अख्तियारमा पुग्यो। सरकारले २०११ को सेप्टेम्वर २० मा गरेको अपारदर्शी एमओयु खारेज गर्यो। लगत्तै सि.ए.एम.जी.सँग गरिएको अनअफियसीयल सम्झौता खारेज भएको केहि दिन मै, सरकारले १० दिनको समय दिएर पुनः खुला प्रतिस्पर्धा मार्फत निर्माण कम्पनी छान्ने प्रक्रिया अघि बढायो। सरकारले सि.ए.एम.जी. सँग भएको विमानस्थल निर्माण सम्वन्धी एम.ओ.यु खारेज गरेको सार्वजनिक अभिव्यक्ति दिएपछि फेरि विमानस्थल निर्माण अनिश्चित् बन्यो। ३५ वर्षदेखी जग्गा अधिग्रहण गरेर पनि विमानस्थल निर्माणमा चासो नदेखाएको भन्दै पोखरीहरूले एक सय दिनसम्म भोक हड्ताल गरे। सरकारलाई दवाव दिए।

### एक्जिम बैंकको सेटिङ

पोखरेली जनताको आन्दोलन र दवाव पछि २०१२ जुलाई १८ मा नागरिक उड्यन प्राधिकरणले पुनः विमानस्थल निर्माणका लागि अन्तर्राष्ट्रिय ठेक्का आह्वान गर्यो। यो बीचमा एशियाली विकास बैंकले विमानस्थल आर्थिक हिसावले चल्न नसक्ने ठहर सहित हात झिकी सकेको थियो। यही मौकामा चीनको एक्जीम बैंक भित्रीयो। क्यानले टेण्डर आह्वान गरेपछि एक्जीम बैंकले आफ्नो सूचीमा रहेका निश्चित कम्पनीले मात्र ठेक्का लिन पाउने अन्यथा कुनै प्रकारको ऋण लगानी नगर्ने शर्त राखेर पोखरा विमानस्थल निर्माणमा अड्को थाप्यो।

त्यसैको परिणाम, सुरुमा, २२ वटा कम्पनीले विड डकुमेन्ट अर्थात टेण्डर प्रक्रियामा सहभागी हुन फर्म भरेकोमा एक्जीम बैंकको सूचनापछि ९ वटा कम्पनीले मात्र फर्म बुझाए। त्यसमा पनि ६ वटा फर्म एक्जीम बैंकको सूचीमै थिएनन्।

> अहिले विमानस्थलले पुरानो एअरपोर्टबाट भईरहेको उडान तथा अवतरण लगभग सबै बन्द गरेर दुबै विमानस्थलको आम्दानी एउटै खातामा जम्मा गर्दा समेत महिनामा औसत भन्दा १३ गुणा कम आम्दानी देखिएको छ। तर आगामी महिनाबाट एक्जीम बैंक चाईनालाई मासिक ३ दशमलव २ मिलियन डलर व्याज मात्र भुक्तानी गर्नुपर्छ। सात बर्षे ग्रेस अर्थात परिक्षण काल सकिएपछिको हरेक ६ महिनामा सावाँ बुझाउनु पर्ने सम्झौतामा उल्लेख छ। यसको अर्थ देशभरका अधिकांश विमानस्थललाई यही काठमाडौ र पोखरा विमानस्थलको आम्दानीको भरमा पाली रहेको नागरिक उड्यान प्राधिकरण क्यान ख्याल ख्याल मै ऋणको पासोमा फसेको छ।

*- बाँकी पृष्ठ ६ मा*

फिचर

# आन्दोलनका 'साक्षी' नै राष्ट्रप्रमुख बन्दा मधेशमा बढेको आत्मविश्वास



**– टिकाराम सुनार**

जनकपुरधाम, २९ फागुन (रासस) : विसं २०६२/६३ जनआन्दोलनपछि देश शान्ति प्रक्रियामा गयो। तर त्यसको केही समयपछि मधेश बिद्रोह सुरु भयो र मधेश अशान्त बन्यो। जनआन्दोलन र विस्तृत शान्ति सम्झौता कार्यान्वयनका लागि विसं २०६३ माघ १ मा ल्याइएको अन्तरिम संविधानपछि मधेशमा बिद्रोह जन्मियो। बिद्रोहपछिको कारण अन्तरिम संविधानमा संघीय राज्य प्रणाली र समानुपातिक समावेशीताको मुद्दालाई नसमेटिएको भनियो। माघ २ मा अन्तरिम संविधान २०६३ जलाएर काठमाडौंमा सुरु भएको असन्तुष्टिले मधेशमा आन्दोलनको रुप लियो। आन्दोलनका क्रममा गोली लागेर माघ ५ मा लहान मझौराका रमेश महतोको ज्यान गयो। उनको मृत्युले आन्दोलनमा घिउ थप्ने काम गर्यो। त्यसपछि अझ बढी आक्रमक बनेको मधेश आन्दोलन थप सङ्गठित र उग्र बन्दै माघ २४ सम्म आइपुग्दा ५४ जनाले ज्यान गुमाए। आन्दोलन मत्थर पर्ने भूमिकामा हुनुहुन्थ्यो, तत्कालीन शान्ति तथा पुनर्निर्माणमन्त्री रामचन्द्र पौडेल। सरकारको वार्ता टोली संयोजकको रुपमा उहाँले आन्दोलनका असन्तुष्टि सम्बोधन गर्न भूमिका खेल्नुभयो।

परिणामस्वरुप माघ २४ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राष्ट्रको नाममा सम्बोधनपछि आन्दोलन मत्थर भयो। विसं २०६४ मा फेरि दास्रो चरणको आन्दोलन सुरु भयो। यतिबेला मूलधारका राजनीतिक दलबाट विद्रोह गरी मधेशवादी नेताहरु संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नाममा संगठित हुन थाले।यो आन्दोलन रोक्न पौडेलकै नेतृत्वमा २०६४ जेठ १८ देखि छ चरणको वार्तापछि भदौ १३ मा मधेशी जनअधिकार फोरमसँग २२ बुँदे समझदारी भयो। समझदारी पत्रमा सरकारका तर्फबाट वार्ता टोली संयोजक पौडेल र मधेशी जनअधिकार फोरम, नेपालको तर्फबाट संयोजक उपेन्द्र यादवले हस्ताक्षर गर्नुभयो। त्यो सम्झौताको चौथो र बीस नम्बर बुँदाअनुसार राज्यका सबै संरचनामा सबै अङ्ग र तहका साथै शक्ति, शाधन र स्रोतमा समानुपातिक प्रतिनिधित्व र साझेदारीको अभ्यास गर्ने भनियो। बुँदा नं ६ मा प्रदेशसहितको संघीय शासन प्रणालीको व्यवस्था गरिने भनियो। त्यही सम्झौताको जगमा फेरि सोही वर्ष फागुन १६ गते संविधानसभाको निर्वाचन पूर्व संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र सरकार (प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला) बीच आठ बुँदे सम्झौता भयो। सो सम्झौताको बुँदा नम्बर दुईमा भनियो, '...जनताको स्वायत्त प्रदेशसहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ...।' अहिले देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा छ। त्यही आन्दोलनको जगमा मुलुकले चौथो कार्यकालका लागि तेस्रो राष्ट्रपति पाएको छ तर मधेश भने पूर्णरुपमा सन्तुष्ट हुने अवस्थामा छैन। अहिले राष्ट्रपतिका रुपमा मधेश आन्दोलनलाई नजिकबाट हेर्नुभएका र बुझ्नुभएका र सरकारको तर्फबाट समझदारी गर्न भूमिका खेल्नुभएका नेता रामचन्द्र पौडेललाई पाएपछि मधेश फेरि आशावादी बनेको छ। "हाम्रो आन्दोलनका धेरै मुद्दाहरु अहिले पनि सम्बोधन हुन सकेका छैनन्, त्यही आन्दोलनका धेरै साथीहरु जेलमा छन्, नागरिकहरु आफ्नै देशमा अनागरिक भएर बस्न बाध्य छन", मधेश आन्दोलनका मुख्य नेता उपेन्द्र यादवले भन्नुभयो। उहाँले राष्ट्रपति पद कार्यकारी नभए पनि अभिभावकीय भूमिका खेल्नसक्ने, संविधानको संरक्षक भएकाले प्रजातान्त्रिक आन्दोलनबाट स्थापित नेता राष्ट्रपतिको रुपमा पाउँदा समानता र न्यायका आधारमा व्यवहार हुने आफूहरुको अपेक्षा रहेको बताउनुभयो। "उहाँ मधेश आन्दोलनको प्रारम्भमा हाम्रा माग र मुद्दा सम्बोधन गर्न सरकारको तर्फबाट महत्वपूर्ण भूमिका खेल्ने व्यक्ति हुनुहुन्छ। त्यसपछि पनि प्रमुख पार्टीको नेताका रुपमा सबै बिषयमा जानकार हुनुहुन्छ", जनता समाजवादीका अध्यक्षसमेत रहनुभएका यादवले भन्नुभयो, "राष्ट्रप्रमुखको रुपमा उहाँसँग जोडिने विषय र मधेश आन्दोलनका बाँकी मागलाई सम्बोधनका सवालमा कुरा गर्न हामीलाई पनि सहज हुनेछ।" तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका अगुवा नेता शरतसिंह भण्डारीले पनि जनआन्दोलनपछि मधेश जलेको बेला त्यसमा मलहम लगाउने भूमिकामा रहेका नेता राष्ट्रपति बनेकोमा आफूहरु निकै आशावादी बनेको बताउनुभयो। उहाँले लामो समयदेखि लोकतान्त्रिक आन्दोलनमार्फत सबै उत्पीडित जातजाती, क्षेत्र र समुदायको अधिकारका लागि वकालत गर्ने नेतालाई राष्ट्रको अभिभावकको रुपमा पाउँदा खुसी लागेको र उहाँले संघीयतासहितको संविधानको रक्षाका लागि साझा अभिभावकको भूमिका खेल्ने अपेक्षा व्यक्त गर्नुभयो। "उहाँ (राष्ट्रपति) लोकतान्त्रिक आन्दोलनको अथक योद्धा मात्रै होइन परिवर्तनका लागि भएका सबै आन्दोलन, जनआन्दोलन र पहिचानका माग मुद्दाहरुको साक्षी एवं अगुवा नेता पनि हो", भण्डारीले भन्नुभयो, "मधेश जनविद्रोहलाई सम्बोधन गर्ने सवालमा त उहाँ सबैभन्दा नजिकबाट जोडिएको व्यक्ति भएकाले उहाँको उपस्थितिले बाँकी मुद्दाहरु सम्बोधनमा पनि सकारात्मक योगदान हुनेछ भन्ने हामी सबैको आशा र अपेक्षा छ।" भण्डारीले २०६४ भदौ १३ मा सरकारको तर्फबाट भएको २२ बुँदे सम्झौताका मुख्य दुई बुँदामा मधेश अहिलेसम्म पनि विभेद्को सिकार भएकाले त्यसलाई सम्बोधन गर्ने दायित्व वर्तमान राष्ट्रपति पौडेलको पनि भएको धारणा राख्नुभयो। उहाँका अनुसार सम्झौताको बुँदा नं तीनमा मधेश आन्दोलनका क्रममा नेता तथा कार्यकर्तामाथि

*- बाँकी पृष्ठ ६ मा*

# पानीको अभावले हाँसीपुरलाई दुई ठाउँमा सर्नुपर्ने बाध्यता



घोराही, २९ फागुन
दाङको घोराहीदेखि करिब २७ किलोमिटर पूर्व-दक्षिणमा पर्ने हाँसीपुर बङ्गलाचुली गाउँपालिका-८ विकट र पहाडी बस्ती हो । यहाँका अधिकांश बासिन्दा पानीको अभावका दुई ठाउँमा बस्दै आएका छन् । पानी नहुँदा यहाँ पशुपालन तथा अन्नपात उत्पादनसमेत हुँदैन । खानेपानी, अन्नपातका साथै पशुपालनका लागि समस्या हुन थालेपछि अधिकांश स्थानीयवासी पहिलेदेखि नै दुई ठाउँमा बस्दै आएका हुन् । हाँसीपुरलाई मूल थलो बनाए पनि पशुपालन, खेती र घाँस दाउराका लागि सोही वडाको सालबास, गुराँसे र भुल्केमा यहाँका मानिसको बसोबास रहेको स्थानीयवासी सर्मिला गाहामगरले बताउनुभयो । उहाँका अनुसार सालबास, गुराँसे र भुल्केमा बसेर मौसमअनुसार खोलाका किनारामा खेतीपातीसँगै गाईभैंसी, बाख्रा गरिदै आइएको छ ।यहाँ रहेका करिब ७० घरमध्ये ८५ प्रतिशत मगर समुदायको बसोबास छ । भौगोलिक विकटताका कारण केहीवर्ष अघिसम्म सडक, शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानीलगायत विकासका पूर्वाधारबाट वञ्चित थियौँ । अहिलेसडक, विद्युत्, खानेपानी, शिक्षा, स्वास्थ्यलगायत सुविधा उपलब्ध भए पनि नियमित सेवा नहुँदा सास्ती भोग्नु परेको स्थानीयवासीले बताए। विकासको पहिलो आवश्यकताका रूपमा रहेको सडक सञ्जाल विस्तारले केही सहज भए पनि नियमित सेवा नहुँदा समस्या हुने गरेको सोही ठाउँ निवासी कमल विश्वकर्माले बताए । “भौगोलिक विकटताका कारण बाटो सहज छैन, एक झरी पानी पर्ने वित्तिकै बाटो बिग्रिने हुँदा गाडी चल्दैनन”, उनले भने , “पानी पऱ्यो भने सिमलतार ासम्म मात्रै बस आउँछ, यता आउँदैन ।”
गाउँमा हाँसीपुर स्वास्थ चौकी भए पनि जनशक्ति र औषधि अभावका कारण यहाँका बासिन्दा घोराही पुग्ने गरेको स्थानीयवासी गोपाल गाहामगरले बताए । “सामान्य बिरामी हुँदा जाँचसँगै औषधिका लागि स्वास्थ्यचौकी जाने हो । कहिले औषधि त कहिले कर्मचारी नै हुँदैनन्, त्यसैले घोराही जानुपर्ने बाध्यता छ”, उनले भने । गाउँमा अहिले खानेपानीको समस्याका साथै सञ्चार सुविधा नहुँदा कृषिका लागि सिँचाइको सुविधा छैन । “खानेपानीको धारा बनेको छ, अब गर्मी याम सुरु भएसँगै धारामा पानी आउँदैन । खोलाबाट पानी ल्याएर पिउनु पर्छ”, गोपालले भने । उनका अनुसार यहाँ दश भन्दामाथि पढ्ने विद्यालय छैनन् । जनप्रतिनिधिलाई जानकारी गराउँदा सुनुवाइ नभएको उनको गुनासो थियो ।रासस

# नेप्सेमा २४ दशमलव ६८ अङ्कको गिरावट



काठमाडौँ, २९ फागुन
पूँजीबजारमा यो साता कारोबारको लगातार दोस्रो दिन पनि गिरावट देखिएको छ। हिजो आइतबार २६ दशमलव ८० अङ्कले घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सोमवार २४ दशमलव ६८ अङ्कले घटेको हो । सोमवारको कारोबारपछि नेप्से परिसूचक एक हजार नौ सय ५१ दशमलव २१ विन्दुमा कायम भएको छ।
सोमवार दुई सय ५६ कम्पनीको ३३ लाख ६९ हजार एक सय ३६ कित्ता शेयर २६ हजार आठ सय ५० पटक खरिदबिक्री हुँदा रू एक अर्ब १६ करोड २५ लाख तीन हजार बराबरको कारोबार भएको छ ।सोमवार सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक एक सय ६५ दशमलव ०१ अङ्कले घटेको छ । त्यस्तै, निर्जीवन बीमा समूहको उपसूचक ८२ दशमलव ७४ अङ्कले र लघुवित्त समूहको उपसूचक ६० दशमलव ८४ अङ्कले घटेको छ। बैंकिङ समूह २० दशमलव ३६, विकास बैंक समूह ३७ दशमलव २२, वित्त समूह १३ दशमलव ८९, होटल तथा पर्यटन समूह २५ दशमलव १० र जलविद्युत् समूह १६ दशमलव ३५ अङ्कले घटेको छ।
त्यसैगरी, लगानी समूह शून्य दशमलव ६२, उत्पादन तथा प्रशोधन समूह ४४ दशमलव १२, व्यापार समूह ३० दशमलव ६१ र अन्य समूह १३ दशमलव ७४ अङ्कले घटेको नेप्सेले जनाएको छ। सोमवार सबैभन्दा धेरै शुभम् पावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै सात दशमलव ६२ अङ्कले घटेको छ। सोमवार एनआइसी एसिया बैंक लिमिटेडको रू छ करोड २४ लाख ५६ हजार सात सय ४५ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा अरुण भ्याली हाइड्रोपावर लिमिटेडको एक लाख ६७ हजार पाँच सय ३९ कित्ता शेयर किनबेच भएको छ। रासस

# रोङमा व्यावसायिक गुन्द्रुक उत्पादन



मङ्गलबारे, २९ फागुन
इलामको रोङ गाउँपालिकामा व्यावसायिक गुन्द्रुक उत्पादन थालिएको छ। गाउँपालिकाको पहलमा नै गुन्द्रुकको उत्पादन सुरु गरिएको हो।
गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङ्बो सुवासले पालिकावासीले उत्पादन गरेको मुला र रायोको सागबाट व्यावसायिक रुपमा गुन्द्रुक उत्पादन थालिएको बताए । उनले ‘ब्रान्डिङ’ गरेर बजारमा लैजाने तयारी भइरहेको जानकारी समेत दिए।
प्रायः भान्सामा अमिलो खाद्य पदार्थ बढी मन पराइन्छ । गुन्द्रुकको मागसमेत उच्च रहने ठहर गर्दै गाउँपालिकाले गुन्द्रुक प्रवर्द्धनमा लागेको जनाइएको छ। गुन्द्रुक बजार पुऱ्याइसकेपछि ८० प्रतिशतभन्दा बढी रकम गाउँमा प्रवेश गर्ने अनुमन गरिएको छ । साथै स्थानीय सरकार जनतासँग उत्पादनमा प्रत्यक्ष जोडिने र रोजगारीसमेत सिर्जना हुने भएकाले पनि यसको काम अगाडि बढाइएको अध्यक्ष स्याङ्बोको भनाइ छ।
गुन्द्रुक उत्पादनका लागि कारखाना नै सञ्चालन गरिएको छ। यसको प्रशोधनका लागि कामदार राखिएको छ। सरसफाइका लागि पर्याप्त व्यवस्था गरिने गाउँपालिकाले जनाएको छ । साथै पहिला सागलाई तीन पटकसम्म धोएर मात्र ‘प्रोसेसिङ’को काम अगाडि बढाइन्छ । यसरी खेर जाने सागलाई गाउँमा नै खाद्य वस्तु निर्माण हुन थालेपछि किसान खुसी भएका छन् । उनीहरुले सडेर जाने वस्तुबाट नै गुन्द्रुक निर्माण हुने र बिक्री गरिने भएपछि उत्पादन खेर नजाने बताउन थालेका छन् ।
अध्यक्ष स्याङ्बोका अनुसार गाउँपालिकाले सागको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रु १० निर्धारण गरिएको छ । साग गाउँपालिकाको कारखानालाई दिने किसानले सागमा प्रतिकेजी रु छ अनुदान पनि पाउने व्यवस्था गाउँपालिकाले गरेको छ।
त्यस्तै गुन्द्रुकमा प्रतिकेजी रु ८० अनुदानको व्यवस्था छ। त्यो पनि अन्ततः किसानकै भागमा पर्ने गाउँपालिकाको भनाइ छ । नबिकेको साग पुन गाउँमा नै बिक्री हुने भएपछि खेती गर्न पनि जाँगर चलेको रोङ-५ की मेनुका राईको भनाइ छ । रायोको साग प्रतिकेजी रु १६ मा बिक्री हुँदै आएको छ । सहकारीमार्फत यसको काम अगाडि बढाइएको छ ।रासस

# आर्थिकमन्दीको प्रभाव : घटे घरबासमा पाहुना

ढोरपाटन, २९ फागुन
चार वर्ष अगाडिसम्म गलकोट नगरपालिका-२ तोरीखोलाका महिला घाँस दाउरा र चुलोचौकोमै व्यस्त हुन्थे।
विसं २०७४ मा स्थानीयले ‘तोरीखोला स्थानीय घरबास’ (होम-स्टे) सञ्चालनमा ल्याए । घरबास सञ्चालनमा ल्याएपछि उनीहरुको दैनिकी बदलिँदै गएको थियो । एक वर्षमै विश्वभर महामारीका रुपमा कोभिड-१९ फैलियो । यसको प्रत्यक्ष असर यहाँका घरबास सञ्चालकलाई पनि परेको थियो।
झण्डै दुई वर्ष कोभिडका कारण बन्द भएको घरबास पुनः सञ्चालनमा आयो । गत असोज महिनासम्म तोरीखोला घरबासमा पाहुनाको चाप निकै बढेको थियो। टाढा-टाढाबाट गलकोट घुम्न आउने आन्तरिक पर्यटकको बासस्थान तोरीखोला घरबासनै हुन्थ्यो। पाहुनाको आकर्षक थलो बनेपछि घरबास सञ्चालकको आयआर्जन र जीवनशैली फेरिँदै गएको थियो । जब बजारमा महँगी बढ्यो र तरलता अभाव हुन थाल्यो त्यसपछि घरबासमा आउने पाहुना क्रमशः घट्दै गए । आर्थिकमन्दीले गर्दा पाहुनाको आगमन घटेपछि घरबास सञ्चालक पनि समस्यामा पर्दै गएका छन्।
कुनै दिन दैनिक ५० जनाभन्दा बढी पाहुन आउने तोरीखोला घरबासमा अहिले महिनामा पचास पुग्न गाह्रो छ। यातायात र इन्टरनेटको सहज पहुँच रहे पनि पाहुनालाई भित्राउन गाह्रो भइरहेको छ । पहिलेको जस्तो पर्यटकीय ठाउँमा घुम्नेको संख्या घटेपछि घरबासमा बास बस्न आउनेह पनि घटेको सञ्चालकको भनाइ छ। पाहुनाका लागि पालेका स्थानीय जातका कुखुरा घरबास सञ्चालकले बाहिरै बजारमा लगेर बेच्न बाध्य भएका छन्।
घरबास सञ्चालक सीता पुन भन्छन्, “सबै व्यवस्थापन राम्रो गर्दै गएका थियौँ, दैनिक पाहुनको चाप पनि बढेको थियो, चार/पाँच महिना भयो, यहाँ आउने पाहुना निकै कम छन, हाम्रो कमी कमजोरीको कारणले त होइन होला, सबैले राम्रो छ भन्थे , अहिले पाहुना ह्वात्तै घटेपछि हामीहरुलाई पनि अचम्म लागेको छ।”चार वर्षदेखि सञ्चालनमा आएको तोरीखोला घरबास गलकोटको हटिया र नरेठाटी बजारदेखि नजिकै पर्छ। हटिया बजारबाट एक घण्टा र नरेठाटी बजारबाट आधा घण्टामा यहाँ पुग्न सकिन्छ। स्थानीयले पाँच घरमा घरबास सञ्चालन गरिरहेको पुनको भनाइ छ । शान्त वातावरण, गाउँले हावापानी र लोकल खानाको स्वाद लिनका लागि पर्यटक यहाँ आउने गरेको सञ्चालक पुनको भनाइ छ।
गलकोट क्षेत्रमा तोरीखोला घरबाससँगै वडा नम्बर १० को पाण्डपखानीमा सिद्धथान सामुदायिक होमस्टे, वडा नम्बर ६ मा ‘स्टोन भिलेज’ सामुदायिक होमस्टे र वडा नम्बर ११ मा रिघा सामुदायिक होमस्टे सञ्चालनमा रहे पनि पाहुना नआएको सञ्चालक बताउँछन्। यी घरबास सुरुआती चरणमा रहेको हुँदा प्रचारप्रसारलाई जोड दिएको सिद्धथान सामुदायिक होमस्टका अध्यक्ष खिमबहादुर पुनमगर बताए। विसं २०७५ मा गण्डकी प्रदेश सरकारको १० लाख सहयोगमा स्थापना गरेको यो घरबास कोभिड सङ्क्रमण फैलिनुपूर्व निकै चलेको भन्दै अहिले सुस्ताउँदै गएको अध्यक्ष पुनमगरको भनाइ छ। प्रदेश सरकारले दिएको अनुदानले घरबासमा इन्टरनेट जडान, बिस्तरा तथा शौचालय व्यवस्थापन गरेको सुनाउँदै पछिल्लो समय पाहुनाको कमी हुँदै गएको बताए।
उनी भन्छन, “होम-स्टे सञ्चालनमा आएपछि यहाँका दिदीबहिनीहरुले रोजगार पाउनुभएको थियो, यहाँका कला, संस्कृति र मौलिक परम्पराको प्रचार भएको थियो, अर्गानिक उत्पादनले मूल्य पाएका थिए, खोलेको एक वर्षमै कोरोना आयो, अहिले बजारमा पैसाको अभाव छ भन्छन्, बैंकमा पैसा पनि पाइँदैन रे त्यही भएर होला पर्यटक घुम्न पनि आउन छोडे।”
पाहुनाले लोकल कुखुरा, कोदोको ढिँडो, रक्सी, भाँगोको अचार मन पराउने गरेको हुँदा आफूहरुले उत्पादन बढाएको भन्दै पाहुन कम हुँदा उत्पादन खेर जाने अवस्था आएको पुनमगरले दुखेसो पोखे । घरबासलाई थप पाहुनामैत्री बनाउन स्थानीय जुटेको उनको भनाइ छ। स्थानीय पालिकाले घरबाससम्म पुग्ने सडक र त्यस क्षेत्र वरपर रहेका धार्मिक तथा पर्यटकीयस्थललाई व्यवस्थित गर्न थालेको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बताए।
उहाँले पाहुना भित्र्याउनका लागि घरबास सञ्चालकको व्यवहार, यहाँ पाइने परिकार र सरसफाइ मुख्य विषय रहेको भन्दै त्यसलाई व्यवस्थित गर्नका लागि नगरपालिकाले सहयोग गरिरहेको बताउनुभयो। घरबास सञ्चालनसम्बन्धी तालिम, खाना पकाउने तरिकालगायतका विषयमा थप तालिम प्रदान गर्न आवश्यक रहेको भन्दै नगरपालिकाले त्यसको व्यवस्था गर्ने भण्डारीको भनाइ छ।
“अहिले यहाँ जति पनि होम-स्टे छन्, ती ठाउँ पर्यटकीयस्थल वरपर छन्, खास गरी यी ठाउँमा पर्यटक आउँछन् र उनीहरुलाई खाना बस्नको समस्या नहोस् भन्ने हिसाबले होम-स्टे सञ्चालन भएका हुन”, उनले भने , “स्थानीय सरकारले पर्यटन प्रवर्द्धन गर्ने र ती स्थानसम्म पुग्ने सडकलाई व्यवस्थित गर्ने जिम्मा हाम्रो हो, होम-स्टे सञ्चालकले आवश्यक सहयोग माग्ने र सेवालाई गुणस्तरीय बनाउन सके राम्रोसँग चल्छन् भन्ने हामीहरुलाई लागेको छ।”
उनले पर्यटनमार्फत गलकोट समृद्ध बनाउने लक्ष्य रहेको भन्दै पर्यटन प्रवर्द्धनमा नगरपालिकाले काम गरिरहेको बताए । गाईघाट झरना, टेउवाको मूर्तिकला, गलकोट दरबार, घुम्टे लेकलगायत धार्मिक पर्यटकीय क्षेत्रको विकासका लागि विगतका वर्षदेखि पूर्वाधार निर्माण गर्दै आएको प्रवक्ता भण्डारीको भनाइ छ। रासस

# दुई दर्जन कम्पनी कालोसूचीमा




काठमाडौँ, २९ फागुन
विभिन्न सार्वजनिक निकायअन्तर्गतका ठेक्का अपलत्र पार्ने दुई दर्जन कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ । सरकारी कार्यालयका ठेक्का अलपत्र पारेपछिखरिदअनुगमनकार्यालयको आइतबारको निर्णयअनुसार ती कम्पनीलाई कालोसूचीमा राखिएको हो। कालोसूचीमा परेका निर्माण व्यवसायी, आपूर्तिकर्ता कम्पनी र परामर्शदाता कम्पनीले कालोसूची अवधिभर कुनैपनि सरकारी खरिद अनुगमन कार्यमा सहभागी हुन पाउने छैनन्।
खरिद अनुगमन कार्यालयकाअनुसार सिराहामा कार्यालय रहेको विकास निर्माण सेवालाई तीन वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीले सडक डिभिजन कार्यालय लहानअन्तर्गतका दुईवटा ठेक्का अलपत्र पारेको थियो।
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको ग्रामीण उद्यम तथा विप्रेषण आयोजनाको काम अलपत्र पार्ने पर्साको परामर्शदाता कम्पनी बिजनेस नेपाल कन्सल्टेन्सी प्रालिलाई पनि तीन वर्षका लागि कालोसूचीमा राखिएको छ। पूर्वाधार विकास कार्यालय बैतडीको सिफारिसमा राष्ट्र सेवा निर्माण कम्पनीलाई पनि कालोसूचीमा राखिएको छ । डडेल्धुरामा कार्यालय रहेको उक्त कम्पनीलाई तीन वर्षका लागि कालोसूचीमा राखिएको हो । त्यसैगरी, कैलालीको गोदावरी नगरपालिकाको सिफारिसमा आकाश एन्ड पवन कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ।
सडक डिभिजन कार्यालय कपिलवस्तुअन्तर्गतका आयोजनाका काम नगर्ने तीनवटा कम्पनी कालोसूचीमा परेका छन्। खरिद अनुगमन कार्यालयकाअनुसार अर्घाखाँचीको अहमद हुसेन कन्स्ट्रक्सन, दाङको गुप्ता निर्माण सेवा, अर्घाखाँचीको केपी कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ।
भरतपुर महानगरपालिकाको काम अलपत्र पारेपछि नयाँ बानेश्वरमा कार्यालय रहेको अनुष्ठान कन्स्ट्रक्सन प्रालिलाई एक वर्षका लागि, सडक बोर्ड नेपालको काम पूरा नगर्ने नवलपरासीको भोलेबाबा कन्स्ट्रक्सनलाई डेढवर्षका लागि र भूमि व्यवस्थापन तथा अभिलेख विभागको काम प्रूा नगर्ने दिब्या टेक्नोलोजी प्राइभेट लिमिटेडलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ। दाङको घोराही उपमहानगरपालिकाको सिफारिसमा ड्रिमल्यान्ड मेटल इन्डस्ट्रिज प्रालि, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सिफारिसमा डाइग्नोकेम इन्टर नेसन, खैरहनी नगरपालिकाको सिफारिसमा गण्डकी हनी कन्सर्न प्रालि र निजामती कर्मचारी अस्पतालको सिफारिसमा कार्की किचेनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ।
खरिद अनुगमन कार्यालयकाअनुसार काभ्रे उपत्यका खानेपानी व्यवस्थापन बोर्डको काम अलपत्र पार्ने निङ्बो निङ्गिसङ इन्टरनेशनल इन्कर्पोरेसनलाई साढे दुई वर्षका लागि कालोसूचीमा राखिएको छ। वीरेन्द्रनगर नगरपालिकाअन्तर्गतको ठेक्का अलपत्र पार्ने पीआर कन्स्ट्रक्सन प्रालि र सडक डिभिजन कार्यालय कास्कीका दुईवटा ठेक्का अलपत्र पार्ने सिरुवा कन्स्ट्रक्सन प्रालिलाई साढे एक वर्षका लागि कालोसूचीमा राखिएको छ । सिरुवा कन्स्ट्रक्सन प्रालिले सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयअन्तर्गतको कालीगण्डकी करिडोरको काम पनि अधुरो छाडेको छ।
त्यसैगरी, सडक डिभिजन कार्यालय सुर्खेतको ठेक्का अलपत्र पार्ने पप्पु मल्ल जेभीलाई एक वर्ष र शुद्धोधन गाउँपालिका रुपन्देहीको काम अलपत्र पार्ने सम्बुद्ध सप्लायर्सलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ।
सडक डिभिजन कार्यालय बागलुङअन्तर्गतका ठेक्काको काम नगर्ने वाई पी कन्स्ट्रक्सन प्रालिलाई पनि डेढ वर्षका लागि कालोसूचीमा राखिएको छ।
राजर्षि जनक विश्वविद्यालयको अनलाईन कक्षा सञ्चालन तथा व्यवस्थापन समितिअन्तर्गतको काम अलपत्र पार्ने सुरज जेनरल अर्डर सप्लायर्स र खैरहनी नगरपालिका चितवनको काम अलपत्र पार्ने युनाइटेड एग्रो इञ्जिनीयरिङ प्राइभेट लिमिटेड पनि एक वर्षका लागि कालोसूचीमा परेका छन् ।रासस

# जगदम्बा जीतपुरसिमरा गोल्डकपको १३ औं संस्करण चैत्र ९ गतेदेखि




मधेशदृष्टि

बारा, २९ फागुन। जगदम्बा जीतपुरसिमरा गोल्डकपको १३ औं संस्करण चैत्र ९ गतेदेखि आयोजना हुने भएको छ। आयोजक नव जनजागृति युवा क्लबले सोमबार पत्रकार सम्मेलन गरी जानकारी दिएका छन्। ए डिभिजनका पाँचसहित १० टिमको सहभागिता रहने प्रतियोगिता यस वर्ष पनि फ्लड लाईट मुनी हुने भएको छ। पछिल्लो दुई संस्करणदेखि आयोजकले रात्री समयमा प्रतियोगिताको आयोजना गर्दै आएको छ।

जनजागृति क्लबका अध्यक्ष शम्भुसिंह ठकुरीले गर्मी मौसमलाई ध्यानमा राख्दै रात्री समयमा आयोजना हुन लागेको प्रतियोगितामा साविक विजेता न्युरोड टिम एनआरटी, विभागिय टिम एपीएफ क्लब, हिमालयन शेर्पा क्लब, चर्च ब्वाईज युनाईटेड, सातदोबाटो युथ क्लब, मोफसलका केबिए ग्लोबल बिएफसी चितवन, मकवानपुर ११, बागमती युवा क्लब, वीरगन्ज युनाइटेड क्लब र आयोजकको सहभागिता रहने जानकारी दिए। एन्फाले तय गरेको क्यालेण्डर अनुसार आयोजकले प्रतियोगिताको तयारी गरिरहेको बताउँदै ठकुरीले प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख नगद, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले मोटरसाइकल र उदयीमान जनही १५ हजार प्राप्त गर्ने जानकारी दिए। प्रतियोगिता सफल बनाउन जीतपुरसिमरा उपमहानगरपालिकाले अघिल्लो वर्षजस्तै २५ लाख रुपैया सहयोग गर्ने भएको छ भने यसवर्ष पनि जगदम्बा स्टील्स् प्रालि मुख्य प्रायोजक रहेको छ।

१२ औं संस्करणदेखि प्रतियोगितामा जोडिएको जगदम्बा स्टील्स्ले यस वर्षपनि सम्झौतालाई निरन्तरता दिने भएको हो। जगदम्बा स्टील्स् र आयोजक क्लबबीच पत्रकार सम्मेलनमै सम्झौतापत्रमा हस्ताक्षर भएको थियो। जगदम्बा स्टील्स्कातर्फबाट कर्पोरेट भाइस प्रेसिडेन्ट कृष्णदत्त भट्ट र क्लबका अध्यक्ष रामचन्द्र लामाले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।


क्लबसंगको सम्झौता नविकरण गर्दै जगदम्बा स्टील्स्का कर्पोरेट भाइस प्रेसिडेन्ट भट्टले गोल्डकपको निरन्तरताका लागी सहकार्य गर्दै अघि बढ्ने बताए। खेलकुदको माध्यमबाट सिमराको पहिचान देशभर स्थापित भईरहेको बताउदै भट्टले सहकार्यका लागि आफूहरु उत्साहित रहेको समेत बताए।

पत्रकार सम्मेलनमा जीतपुरसिमरा उपमहानगरपालिकाका नगर उपप्रमुख भोलाप्रसाद अधिकारीले गोल्डकप सफल बनाउन स्थानीय सरकार सधै तत्पर रहेको बताए। उपमहानगरपालिकाले गोल्डकपलाई गर्दै आएको सहयोगलाई निरन्तरता दिदै जाने बताउदै उपप्रमुख अधिकारीले प्रतियोगिताको अभिभावकिय भूमिका लिन समेत पछि नपर्ने बताए।

चैत्र १८ गतेसम्म संचालन हुने प्रतियोगिताको तयारी र मैदान व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको आयोजक क्लबले जनाएको छ। सुर्य नेपाल प्रालिको सहयोगमा यस वर्ष फ्लड लाइटको क्षमता समेत विस्तार गरिएको छ। अघिल्ला वर्षमा देखिएका प्राविधिक कमजोरीलाई सुधार गर्दै १३औं संस्करणको तयारी गरिरहेको क्लबले जनाएको छ।

सुर्य नेपाल, हुलास स्टील्स् सहप्रायोजक रहने प्रतियोगितालाई सफल बनाउन राखेप, एन्फा, नगर उद्योग वाणिज्य संघ, लुम्बिनी जनरल इन्स्योरेन्स, युआर अटोमेटिक लण्ड्र, एलएस न्युरो अस्पताल, स्टार पोलि क्लिनिक, सुसप्त मेडिकल लगायत विभिन्न संघसंस्थाले प्राविधिक तथा व्यवसायिकरुपमा सहयोग र सहकार्य गर्ने भएका छन्।

# चीनको शेनझोउ-१५ अन्तरिक्ष यात्री जुनमा फर्किने



बेइजिङ, २९ फागुन

चीनको शेनझोउ-१५ को चालक दल आगामी जुन महिनामा पृथ्वीमा फर्कने चिनियाँ मानवयुक्त अन्तरिक्ष एजेन्सी (सीएमएसए) ले जनाएको छ।

अन्तरिक्ष केन्द्रको संयोजनले निरन्तर काम गरिरहेको र शेन्झोउ-१५ अन्तरिक्ष यात्रीहरू जुनमा फर्किने सीएमएसएले सोमबार जनाएको हो। सबै अन्तरिक्ष यात्रीहरू राम्रो अवस्थामा रहेको केन्द्रले बताएको छ।

चीनले यस वर्ष अन्तरिक्ष स्टेशन अनुप्रयोग र विकासको लागि तीन अन्तरिक्ष अभियानहरू प्रक्षेपण गर्नेछ, जसमा कार्गो क्राफ्ट तियानझोउ-६ र चालक दलयुक्त अन्तरिक्षयान शेन्झोउ-१६ र शेन्झोउ-१७ समावेश छन्।तियानझोउ-६ लाई दक्षिणी प्रान्त हाइनानको वेनचाङ अन्तरिक्ष यान प्रक्षेपण स्थलमा लगिएको छ र मे महिनामा प्रक्षेपण गरिने बताइएको छ। दुई मानवयुक्त अभियानका लागि चालक दलका सदस्यहरू छानिएका छन् र अहिले प्रशिक्षण लिइरहेका छन्।

शान्तिपूर्ण प्रयोग, समानता, पारस्परिक लाभ र साझा विकासको सिद्धान्तको पालना गर्दै चीन आफ्नो अन्तरिक्ष स्टेशनलाई वैज्ञानिक र प्राविधिक सहयोग र अन्तर्राष्ट्रिय समुदायका लागि आदानप्रदानका लागि खुला मञ्च बनाउन प्रतिबद्ध छ।सीएमएसए र बाह्य अन्तरिक्ष मामिलाका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयद्वारा संयुक्त रूपमा छानिएका प्रयोगात्मक परियोजनाहरूको पहिलो ब्याच यस वर्ष अन्तरिक्ष स्टेशनमा सञ्चालन हुने कार्यक्रम छ। सीएमएसएका अनुसार चीनले आफ्नो मानवयुक्त चन्द्र अन्वेषणका लागि प्रमुख प्रविधिहरूमा सफलता हासिल गरेको छ र मानवयुक्त चन्द्र अन्वेषण योजनामा बहस पूरा गरेको छ।यसले यसै वर्ष चन्द्रमामा अवतरण परियोजनाका लागि अनुसन्धान र विकास कार्य सुरु गर्नेछ। (रासस/सिन्ह्वा)

# लिबियामा डुङ्गा पल्टिँदा ३० आप्रवासी बेपत्ता



रोम, २९ फागुन

लिबियामा मालवाहक जहाजले उद्धार गर्ने क्रममा डुङ्गा पल्टिँदा करिब ३० आप्रवासी बेपत्ता भएको इटालीको तटरक्षक बलले आइतबार जनाएको छ। लिबियाको खोज तथा उद्धार क्षेत्रमा बिहान सबेरै उद्धारको प्रयास गरिएपछि १७ जना आप्रवासीको उद्धार गरिएको र बेपत्ताको खोजी कार्य जारी रहेको तटरक्षक बलले जनाएको छ। "आप्रवासीहरूको स्थानान्तरणको क्रममा डुङ्गा डुबेको र १७ व्यक्तिहरूलाई (कार्गो) पोतद्वारा उद्धार गरिएको थियो भने करिब ३० आप्रवासीहरू हराइरहेका छन्," तटरक्षकले बताएका छन्। इटालीको दक्षिणी तट क्यालाब्रियामा भएको पानीजहाज दुर्घटनामा परी कम्तीमा ७६ आप्रवासीको मृत्यु भएको ठीक दुई हप्तापछि भूमध्यसागरमा पछिल्लो विपत्ति आएको हो। यो डुङ्गा दुर्घटनाले इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीको नेतृत्वमा रहेको दक्षिणपन्थी सरकार रक्षात्मक अवस्थामा पुगेको छ र यसले आप्रवासीहरूलाई बचाउन समयमा हस्तक्षेप गर्न असफल भएको भन्ने तीव्र आलोचनालाई रोक्न प्रयास गरिरहेको छ।इटालीको तटीय क्षेत्रतर्फ जाने जोखिमपूर्ण सेन्ट्रल मेडिटेरेनियन क्रसिङमा आप्रवासीको बढ्दो संख्या बढेपनि आइतबारको उद्धारले मृत्युको दोष कसको थियो भनी प्रश्न उठ्ने निश्चित छ।इटालीको तटरक्षक बलले डुङ्गा लिबियाको खोज तथा उद्धार क्षेत्रमा रहेको र यस घातक घटनाले भूमध्यसागरका अन्य देशहरूको 'निष्क्रियता' उजागर गरेको बताएको छ। रोमले लामो समयदेखि हरेक वर्ष डुङ्गाबाट युरोप पुग्न खोज्ने दशौं हजार आप्रवासीहरूको मार खेपिरहेको गुनासो आफ्ना ईयू साझेदारहरूसँग गर्दै आएको छ।

आप्रवासी डुङ्गाहरूको निगरानी समूहले बेन्गाजीबाट करिब १६० किलोमिटर उत्तरपश्चिममा डुङ्गा सङ्कटमा परेको गराएको थियो। त्यसपछि इटालियन अधिकारीहरूलाई स्थानीय समयअनुसार शनिबार बिहान ११:१८ बजे सचेत गराइएको थियो। जर्मन गैरसरकारी संस्था 'सी वाच'को एक निगरानी विमानले पनि डुङ्गालाई देखेको थियो र त्यो 'जोखिमयुक्त भीडभाड र डरलाग्दो छालमा' रहेको बताएको थियो।

इटलीको तटरक्षर्कले एक विज्ञप्ति जारी गर्दै सचेतनाका लागि बज्ने फोनको घण्टीले रोमको उद्धार समन्वय केन्द्र, माल्टाली र लिबियाली अधिकारीहरूलाई डुङ्गाको बारेमा सूचित गरेको पुष्टि गरेको छ। 'सी वाच'को चेतावनीपछि डुङ्गातर्फ गएको एक व्यापारिक जहाजले खराब मौसमका कारण डुङ्गाको उद्धारमा कठिनाइ भएको बताएको तटरक्षकहरूले जनाएका छन्। (रासस/एएफपी)

# आइसीसी लिग-२
# पपुवा न्युगिनीविरुद्धको खेलमा नेपालको सहज जित




काठमाडौँ, २९ फागुन

आइसीसी पुरुष क्रिकेट विश्व कप लिग-२ अन्तर्गत नेपालले पपुवा न्युगिनीविरुद्धको खेलमा सहज जित निकालेको छ। नेपालले पपुवा न्युगिनीविरुद्धको खेल नौ विकेटले जितेको छ। पपुवा न्युगिनीले नेपालसामु जितका लागि ९६ रनको झिनो लक्ष्य प्रस्तुत गरेको थियो। नेपालले उक्त लक्ष्य सात दशमलव चार ओभरमा एक विकेट गुमाएर पूरा गऱ्यो।

नेपालका लागि कुशल भुर्तेल र आशिफ शेखले बिष्फोटक ब्याटिङ गरे। दुवै जनाबीच ५१ रनको साझेदारी रह्यो। शेखले २१ बल खेल्दै तीन छक्का र आठ चौकाको मद्दतमा अविजित ५३ रन बनाए।

यस्तै भुर्तेलले १४ बल खेल्दै दुई छक्का र चार चौका प्रहार गरी ३३ रन बनाए। कुशल मल्लले अविजित रहँदै १२ रनको योगदान दिए। उनले १३ बल खेल्ने क्रममा एक छक्का र एक चौका हाने। बलिङतर्फ पपुवा न्युगिनीका चाड सोपरले एक विकेट लिए।

यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आज नेपालले टस जितेर पपुवा न्युगिनीलाई ब्याटिङ गर्ने निम्तो दिएको थियो। पपुवा न्युगिनीले निर्धारित ५० ओभरको खेलमा ३२ ओभर खेल्दै सबै विकेट गुमाएर मात्र ९५ रन बनायो। पपुवा न्युगिनीका ब्याटर नेपाली बलरसामु निरीह साबित भए। पपुवा न्युगिनीले सुरुआतमै महत्वपूर्ण दुई विकेट गुमाएको थियो।

हिरी हिरी, सेसे बाउ, कप्तान असाद भाला र चार्ल्स अमिनीले केही हदसम्म पारी सम्हाल्ने प्रयास गरे। तर नेपाली बलरले उनीहरुलाई खुलेर खेल्न दिएनन। भालाले २०, बाउले १८, अमिनीले १६ तथा हिरीले १४ रन बनाए। अन्य ब्याटरले उल्लेख्य रन बनाउन सकेनन।

बलिङतर्फ नेपालका सन्दीप लामिछाने एक्लैले पाँच विकेट लिए। उनी खेलको प्लेयर अफ द म्याच घोषित भए।

लामिछानेले १० ओभर बलिङ गर्ने क्रममा एक मेडन राख्दै २५ रन मात्र खर्चे। यस्तै ललितनारायण राजवंशी र कुशल मल्लले दुई तथा सोमपाल कामीले एक विकेट लिए।

नेपालले जारी शृंखलामा अब आफ्नो अन्तिम खेलमा बिहीबार युनाइटेड अरब इमिरेट्स (युएई) सित खेल्नेछ।रासस

# पाकिस्तानमा पोलियो विरुद्धको अभियान



इस्लामावाद २९ फागुन

पाकिस्तानका कतिपय प्रान्तहरुमा पोलियोका विरामीहरु देखिएपछि यसका विरुद्धमा अभियान सञ्चालन गरिएको छ। पाकिस्तानको सिन्ध प्रान्तमा धेरै बालबालिकामा यसको प्रकोप देखिएपछि यहाँको सरकारले सोमबारदेखि पोलियो खोप अभियान सञ्चालन गर्ने भएको छ। पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तका दुई करोडभन्दा बढी बालबालिकालाई यो खोप दिइने बताइएको छ।

सोमबारबाट यो अभियान सुरु भएको र उनीहरूलाई घर घरैमा पुगेर यो पोलियो खोप दिइने बताइएको छ।सिन्धको प्रान्तीय सरकारले मार्च १३ (सोमबार) देखि यो अभियान सुरु गरिने र पाँच दिनसम्म सञ्चालन गरिने जानकारी दिएको छ।सिन्धको प्रान्तीय सरकारका स्वास्थ्य अधिकारीले यो पोलियो खोप दिने कार्यक्रम दुई चरणमा सञ्चालन गरिने र पहिलो चरणमा यहाँका कम्तीमा पनि एक करोड ७० लाख बालबालिकालाई दिइने बताइएको छ। त्यसपछि अर्को अर्थात् दोस्रो चरण आगामी अप्रिल ३ तारिखदेखि एक हप्तासम्म सञ्चालन गरिने पनि जनाइएको छ।सो दोस्रो चरणमा पाँच वर्ष मुनिका ४० लाख बालबालिकालाई दिइने छ। यसरी दुवै चरणमा गरेर दुई करोड भन्दा बढी बालबालिकालाई सो खोप दिइने भएको अधिकारीहरुले जनाएका हुन्।यसअघि पनि यहाँको सरकारले पाकिस्तानको खैबर प्रान्तका बालबालिकालाई सो खोप दिएको थियो। पोलियाको प्रकोप देखिएका स्थानहरुमा सरकारले पोलियो खोप अभियान तत्कालै सञ्चालनमा ल्याएको छ। (रासस/सिन्ह्वा)

# नेपाल महिला एसियन कप छनोटको दोस्रो चरणमा प्रवेश



काठमाडौँ, २९ फागुन

नेपालले नर्दन मारियाना आइल्याण्डलाई पराजित गर्दै एएफसी यू-२० महिला एसियन कप छनोटको दोस्रो चरणमा प्रवेश गरेको छ।

प्यालेस्टाइनको फैजल अल हुसेनी अन्तर्राष्ट्रिय रङ्गशालामा गएराति सम्पन्न खेलमा नेपालले नर्दन मारियाना आइल्याण्डलाई ६-० ले गोलअन्तरले पराजित गर्दै समूह 'बी' को विजेता बन्दै महिला एसियन कप छनोटको दोस्रो चरणमा प्रवेश गरेको हो। नेपालले खेलको पहिलो हाफमा पाँच गोल गर्यो भने खेलको दोस्रो हाफमा एक गोल गरेको थियो। नेपालको जितमा दीपा शाही र सारा बज्राचार्यले दुई दुई गोल गरे। सरस्वती हमाल र जेनिफर रानाले एक एक गोल गरिन्। खेलको पाँचौं मिनेटमा दिपाले गोल गर्दै नेपाललाई सुरुआती अग्रता दिलाएकी थिइन्। छैटौं मिनेटमा साराले गोल गर्दा नेपाल २-० ले अघि रह्यो। खेलको १९ औं मिनेटमा दिपाले व्यक्तिगत दोस्रो गोल गर्दा नेपालको अग्रता तेब्बर बन्यो।खेलको ३० औं मिनेटमा सरस्वतीले गोल गर्दै नेपाललाई ४-० गोलको अग्रता दिलाइन्। खेलको ४५ औं मिनेटमा सारा बज्राचार्यले व्यक्तिगत दोस्रो तथा टोलीका लागि पाँचौ गोल गरेपछि नेपालले पहिलो हाफमै ५-० को अग्रता लियो। त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा जेनिफरले गोल गर्दै नेपाललाई ६-० को जित दिलाइन् जितसँगै समूह 'बी' मा रहेको नेपालले दुई खेलमा छ अङ्क जोड्यो। छनोटअन्तर्गत नेपालले पहिलो खेलमा आयोजक प्यालेस्टाइनलाई ६-० गोल अन्तरले हराएको थियो। उक्त समूहमा रहेको संयुक्त अरब इमिरेट्स (युएई) ले अन्तिम समयमा नखेल्ने घोषणा गरेको थियो। दोस्रो चरणको छनोट खेल आगामी जुन ३ देखि ११ तारिखसम्म हुनेछ। जसबाट उत्कृष्ट चार टोलीले उज्वेकिस्तानमा सन् २०२४ म हुने यू-२० महिला एसियन कप खेल्नेछ।रासस

# पुन : मतगणनाको रिट उच्च अदालत जनकपुरद्वारा खारेज

मधेशदृष्टि
वीरगंज, २९ फागुन ।
पर्साको जगरनाथपुर गाउपालिकाको वडा नम्बर ६ को पुनः मतगणना गर्नका लागी परेको रिट उच्च अदालत जनकपुर अस्थाई ईजलास वीरगजले ११ महिना पछि खारेज गरेको छ । उच्च अदालत अस्थाई ईजलास वीरगजका मुख्य न्याधिश साराङ्ग सुवेदी तथा न्यायधिश सुर्दशन भट्टको संयुक्त ईजलासले रिट खारेज गर्ने निर्णय गरेको हो । रिट खारेज भएसँगै एमालेबाट निर्वाचित कुर्मीले वडा अध्यक्षको भूमिका अब ढुक्क भएर गर्न पाउने भएका छन ।




गत स्थानिय निकायको निर्वाचनमा जगरनाथपुर गाउँपालिका वडा नम्बर ६ मा नेकपा एमालेबाट उम्मेदवार बनेका अयोध्या प्रसाद कुर्मी १ मतले बिजय भएपछि पराजीत नेपाली काग्रेसका उमेदावर लक्ष्मण प्रसाद कुर्मीले २०७९ जेठ १६ गते उच्च अदालत अस्थाई ईलजालस वीरगजमा मतगणना पुन गरि पाउ भन्दै मुर्दा दर्ता गरेका थिए । मुदा दर्ता भए लगतै अदालतले अयोध्या प्रसाद कुर्मीलाई काम गर्न नपाउने भन्दै तत्काल निर्देशन दिएको थियो । १ हप्तापछि तत्कालिन न्यायधिश गणेश बराल तथा लेखनाथ पौडेलले मुदालाई बिचारधिनमा राखि कामकाज गर्न आदेश दिएपछि कुर्मीले वडा अध्यक्षको काम गर्दै आएका थिए ।

# अतिक्रमित ५ विग्हा बढि जग्गा महानगरपालिकाको नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज, २९ फागुन ।
वीरगञ्ज महानगरपालिकाले वडा नम्वर १७ र १९ को सीमामा रहेको कोनियाँ गाउँमा स्थानीय केही व्यक्तिले अतिक्रमण गरेको ५ विगाहा भन्दा बढी सार्वजनिक जग्गा आफ्नो नियन्त्रणमा ल्याएको छ। महानगरको टोलीले नापचाँज गरेर सार्वजनिक र निजी जग्गा छुट्याएर सार्वजनिक जग्गामा तारबार लगाउन थालेको छ । सार्वजनिक जग्गा छुट्याएर तारबार गरि वृक्षारोपण गर्ने महानगरको योजना छ । सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खोजी गर्न महानगरको टोली नक्सा लिएरै संभावित स्थानमा पुगेको थियो । अतिक्रमित जग्गा वडा नम्वर १७ का वडासदस्य अमोद यादव सहित केही स्थानीयले भोगचलन गर्दै आएका थिए । यादव एक्लैले आफ्नो नाममा रहेको ७ कट्ठा जग्गाको आडमा ४ विघा सार्वजनिक जग्गा अतिक्रमण



गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको वडा नम्वर १९ का वडाध्यक्ष मुकेश कुमार चौर सियाले बताए । वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गा पहिचान गरी महानगर माताहातमा ल्याउन अभियान अगाडि बढाएसँगै वडा नम्बर १७ को ५ विघा जग्गा आफ्नो अधिनमा ल्याउन सफल भएको बताएका छन् । अहिले महानगरसँग आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गा कति छ भन्ने कुनै पनि तथ्यांक नरहँदा खोजिमा कठिनाई भइरहेको भए पनि अभियान सफल पार्न टोली दिनहुँ खटिएको पनि उनले जानकारी दिए ।

नगर क्षेत्रको सार्वजनिक जग्गा महानगरको नियन्त्रणमा ल्याउने अभियान ३२ वटै वडामा संचालन गरिने नगर प्रमुख सिंहले बताए । अभियान अन्तर्गत आज नगरप्रमुख सिंहको सचिवालयका हरि पोखरेल, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, वडा नम्बर १९ का वडा अध्यक्ष मुकेस कुमार चौरसिया, नगर प्रहरी प्रमुख हरि भुषाल, अमिन लेखनारायण कर्ण, प्रमोद साह, अनिल पण्डित, रामेश्वर प्रसाद कुशवाहा लगायतका व्यक्तिहरु कोनियामा खटिएर जग्गा महानगरपालिकाको नियन्त्रणमा ल्याएका थिए ।

# नेपाली कांग्रेस एक साता भित्र सरकारमा सहभागी हुने : रिजाल

मधेशदृष्टि
वीरगंज, २९ फागुन ।
नेपाली कांग्रेसका नेता तथा प्रतिनिधिसभा सदस्य रमेश रिजालले नेपाली कांग्रेस एक साताभित्र सरकारमा सहभागी हुने बताएका छन् । वीरगञ्जमा सोमवार सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै सांसद रिजालले चैतको ५ वा ६ गतेभित्र कांग्रेस सरकारमा सहभागी हुने तयारी भइरहेको बताए । 'कुन-कुन मन्त्रालय लिने र क-कस्लाई मन्त्री बनाउने बिषयमा पार्टीभित्र र सरकारमा सहभागी दलहरु विच छलफल भइरहेको छ भन्दै नेता रिजालले उपराष्ट्रपतिको चुनाव सकिने बित्तिकै कांग्रेस सरकारमा सहभागि हुने बताए । नेपाली कांग्रेसले नौ वा १० मन्त्रालय लिएर सरकारमा जाने करिब-करिब सहमति भएको खुलासा गर्दै कांग्रेसको कुन नेताको नेतृत्वमा सरकारमा जाने भन्ने विषयमा कुनै ठोस निर्णय भइनसकेको बताए ।

आठ दलीय गठबन्धनबाट उपराष्ट्रपतिका लागि तीनजनाको उम्मेदवारी परे पनि अन्तिम समयसम्ममा एक जना उम्मेदवारमा सहमति हुने जिकिर गर्दै उहाले यस विषयमा गठबन्धन आबद्ध दलबीच प्रयास भइरहेको बताए । राष्ट्रपतिमा निर्वाचित रामचन्द्र पौडेल तटस्थ भूमिका निर्वाह गरेको भन्दै नेता रिजालले राष्ट्रपति पौडेलबाट प्रजातन्त्रको स्थायित्व र संविधानको रक्षा हुने दावी गरे ।

# विशेषद्वारा गुप्तालाई कैद तथा जरिवानाको फैसला

मधेशदृष्टि, वीरगंज, २९ फागुन ।
विशेष अदालतले पर्साको श्री नेपाल राष्ट्रिय आधार भूत विद्यालयका तत्कालीन प्रधानाध्यापक सन्तोषप्रसाद गुप्तालाई दुई वर्ष कैद र जरिवाना असुल्ने फसला गरेको छ ।
नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा प्रधानाध्यापक रहेका वेला गुप्ताले विद्यालय भवन र शौचालय निर्माणमा भ्रष्टाचार गरेको ठहर गर्दै विशेष अदालतले सजाय सुनाएको हो । विशेष अदालतका न्यायधिश श्रीकान्त पौडेल तथा शालिग्राम कोइरालाको इजलासले यो फैसला गरेको हो । सरकारलाई हानी नोक्सानी गराई भ्रष्टाचार गरेको भन्दै ६ लाख रुपैयाँ जरिवाना तथा उति नै रकम बिगोबमोजिम असुलउपर र जरिवाना हुने सजाय सुनाइएको विशेष अदालतका प्रवक्ता दीपेन्द्रनाथ योगीले जानकारी दिए । गुप्तामाथि अख्तियार दुरुपयोग



अनुसन्धान आयोगले ७ असार ०७७ मा मुद्दा दायर रहेको थियो । तर, उनी म्यादभित्र अदालतमा उपस्थित भएका थिएनन् । त्यसपछि एकतर्फी रूपमा यस्तो फैसला आएको विशेष अदालत स्रोतले जनाएको छ । आर्थिक वर्ष ०७४-७५ मा विद्यालयको भवन र शौचालय निर्माणका लागि निकासा भएको १६ लाख रुपैयाँमध्ये ६ लाख रुपैयाँ हिनामिना गरेको अभियोग अख्तियारको थियो । तत्कालिन प्रधानाध्यापक गुप्ताले उक्त रकममध्ये पाँच लाख रुपैयाँ आफ्नो नाममा र बाँकी एक लाख रुपैयाँ विश्वनाथ साह कानुको नाममा भुक्तानी गरेको तथा उक्त रकमबाट विद्यालयको कुनै काम नगरेको भेटिएपछि मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

# ग्रामीण क्षेत्रको सुरक्षाको सम्वन्धमा अन्तरक्रिया



मधेशदृष्टि
वीरगंज, २९ फागुन ।
पर्साको ग्रामिण क्षेत्रको सुरक्षाको सम्बन्धमा सोमवार पोखरियामा स्थानिय जनप्रतिनिधि र सुरक्षाकर्मी विच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
पोखरीया नगरपालिकाका नगर प्रमुख प्रद्युम्न चौहानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख कोमल शाह, सशस्त्र प्रहरी प्रमुख सुमन थपलिया, राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुख हेमन्त चौधरी, पोखरीया नगरपालिकाका उपप्रमुख रुबी कुमारी ठाकुर, पोखरीया नगरपालिकाका पूर्व नगर प्रमुख दिपनारायण रौनियार, राजनीतिक दलका नेजामोद्दिन समानी, शंकर यादव, श्रीकृष्ण चौहान, विन्धाञ्चल ठाकुर लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरुसँग पोखरीयाका जनप्रतिनिधि तथा राजनीतिक दलका प्रमुखरुले पोखरियामा इलाका प्रशासन कार्यालय सहित नापी, मालपोत लगायतका सरकारी कार्यालयहरुको शाखा स्थापना गर्नु पर्ने, वीरगंज पोखरीया सडक खण्डमा सार्वजनिक यातायातमा भाडादरमा अनियमितता भई रहेको हुँदा यसलाई नियन्त्रण गर्नु पर्ने लगायतका माग गरेका थिए ।

# कमला जलाधार संरक्षण अभियानद्वारा अन्तरक्रिया



नरेशचन्द्र बरबरिया
जनकपुरधाम,२९ फागुन । अन्तर्राष्ट्रिय नदी दिवसको अवसरमा मधेस प्रदेशको राजधानी जनकपुरधाममा प्रदेश स्तरीय अन्तरक्रिया गरिएको छ ।
कमला जलाधार संरक्षण अभियान जनकपुरधामको आयोजनामा भएको अन्तरक्रियामा नदी र प्रकृतिको जथाभावी दोहन ,अतिक्रमण,प्रदुषण लगायतका विषयमा सरोकारवाला र मधेश प्रदेशको आठै जिल्ला बाट नदी,चुरे र पर्यावरण क्षेत्रमा काम गर्ने अभियानीहरु बिच अन्तरक्रिया गरिएको हो ।
कमला जलाधार संरक्षण अभियानका संयोजक बिक्रम यादवको अध्यक्षता एवम् उच्च अदालतका न्यायाधीश टेकनारायन कुँवरको प्रमुखको आतिथ्यमा भएको कार्यक्रममा नेपालको चुरे तथा तराई मधेशमा अत्याधिक रहेको र त्यसले सो क्षेत्रको बाताबरणमा बृहत दीर्घकालीन प्रतिकूल प्रभाव र असर बारे प्रस्तुतीकरण गरिएको छ ।
नदी उत्खनन् दोहन लगायत विभिन्न मुद्दामा सहभागी अभियानी संग छलफलका साथ साथै आ-आफनो जिल्लामा नदी र कमलामा हुने समस्या बारे गहन छ्लफल गरिएको छ ।
नेपाल पानी सदुपयोग फाउन्डेसन,ग्लोबल पिस फाउन्डेसन नेपाल ,र राईट्स अफ साउथ एसियाको सहकार्यमा भएको कार्यक्रममा ग्लोबल पिस फाउन्डेसन नेपालका अध्यक्ष डा.चिरञ्जीवी भट्टराई, मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता बिरेन्द्र ठाकुर, मधेश प्रदेशका प्रहरी प्रमुख बसन्त कुँवर ,बाताबरण विज्ञान तथा प्रविधि मन्त्रालयका पुर्व मन्त्री गणेश साह ,डा.अधिवक्ता अभय राज नायक, प्रा.डा.विष्णु माया केसिले गरेको प्रस्तुतिमा मावन जीवनमा नदिको ठूलो महत्त्व रहेको बताईन ।
नदि मासियो भने मानव जिवनमा समस्या हुने र मधेशका नदिहरुको संरक्षण,नदि संरक्षणमा मधेशमा देखिएका समस्या बारे प्रस्ट पारिन् ।
नदी क्षेत्रमा बाँसको पनि उतिकै उपयोगिता रहेको बताइन् ।
यस्तै पुर्व मन्त्री गणेश साहले पानीको बिषय बारे स्थानीय स्तर बाट लेख्न आग्रह गरे । जल जमिन रहे मात्र हामी रहने पनि बताए ।
नदीलाई बचाउनु हामी सबैको कर्तव्य र अधिकार पनि हो उनले थपे ।

# नि:शुल्क घुम्ति स्वास्थय शिविर सम्पन्न



मधेशदृष्टि
वीरगंज, २९ फागुन ।
बीरगंज महानगरपालिका वडा नम्बर १३ राधेमाईमा सोमवार निःशुल्क घुम्ति स्वास्थ्य शिविर सम्पन्न भएको छ । शिविरमा १ सय ६० जना महिला, १ सय जना पुरुष गरि २ सय ६० जनाको निःशुल्क स्वास्थ्य परिक्षण तथा औषधी वितरण समेत गरिएको छ ।
ग्रिनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगर, बिरगंज सामुदायिक आँखा अस्पताल र प्रभु अस्पताल बिरगंजको सयुक्त आयोजनामा तथा रुँगटा वेल फेयर सोसाइटी बिरगंज पर्साको सहयोगमा बिरगंज राधेमाईमा निशुल्क घुम्ति स्वास्थ्य शिविर सम्पन्न भएको ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले जानकारी दिए । शिविरमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरिक्षक मनिषा लौडारी, आसुतोष कुमार शाही, रुगंटा वेलफेयर सोसाईटीका सुरेश रुंगटा, बीरगंज सामुदायिक आँखा अस्पतालका संयोजक महेश सिंह धामी, प्रभु अस्पतालमा संयोजक दिलिप राज कार्की लगायतको सहभागिता रहेको थियो ।

# अनुमति नै नलिई शान्ति सेन्ट्रल हस्पिटल सञ्चालनमा

आरके श्रीवास्तव
गरुडा,२९ फागुन । रौतहट जिल्लाको मौलापुर नगरपालिका-५ मौलापुर बजारमा स्थानीय सरकारसंग अनुमतिनै नलिई शान्ति सेन्ट्रल हस्पिटल सञ्चालनमा रहेको पाइएको छ। मौलापुर नगरपालिकासंग अनुमति नै नलिई विगत केही वर्षदेखी गौरकानुनी तरिकाले सो हस्पिटल सञ्चालनमा रहेको भेटिएको हो । अबैध रुपमा सञ्चालित शान्ति सेन्ट्रल हस्पिटलको चरम लापरवाही एवं बदमासीका कारण केही दिन अघि मात्र दुई जना बिरामीको मृत्यु भएको बताइएको छ । सो हस्पिटलको लापरवाहीले अस्पतालमा उपचार गराउन आएका मौलापुर नगरपालिका-६ पथरा बुधरामका नरेश महतो र बाराको आदर्श कोतवाल गाउँपालिका-४ का ४० वर्षिय भगल पटेलको अकालमै ज्यान गएको पिडित परिवारले जनाएको छ । अस्पतालमा उपचार नै सम्भव हुन नसकेको अवस्थामा अन्यत्र रेफर गर्नुको सट्टा सो अस्पतालले पैसाको लोभमा बलजबरजस्ती तिन दिनसम्म राखेको कारण समयमै उपचार हुँन नसक्दा विरामी नरेश महतोको ज्यान गएको श्रोतको दावी छ । त्यस्तै अस्पतालको यस्तै लापरवाहीले अर्का विरामी भगल पटेलको समेत ज्यान गएको बताइएको छ । सो अस्पतालले मानवको स्वास्थ्य जिवनसंग यसरी दिनदहाडै खेलवाड गरिरहँदा समेत नियमनकारी निकायले कुनै ध्यान दिन सकेको छैन् ।
मानवको स्वास्थ्य जिवनसंग खेलवाड गर्ने शान्ति सेन्ट्रल हस्पिटलका सञ्चालकलाई पक्राउ गरी हदैसम्मको कार्यवाही गर्न स्थानीयहरुले माग गरेका छन् । पैसा कमाउने प्रलोभनमा सो अस्पतालले विरामीको जिवनसंग नै खेलवाड गर्ने काम गरिरहेको भन्दै स्थानीयहरुले अस्पताल सञ्चालकलाई कार्यवाही गर्न सम्न्धित निकायसंग जोडदार माग गरेका छन् । यस विषयमा अस्पतालका सञ्चालक चन्दन शर्मा सँग बुझ्दा आफूहरुले अस्पताल दर्ताका लागि आवश्यक कागजातहरु नगरपालिकामा बुझाएको बताए । तर स्थानिय तहले प्रमाणपत्र भने नदिएको सिवकार गरे ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल